# अध्याय ३

## ३. ऐन-नियम, नीति र निर्देशिकाहरू

३.१ नेपालमा सडक र यातायात क्षेत्रसँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण (IEE), वातावरणीय प्रभाव मूल्याङ्कन र सामाजिक प्रभाव (पुनर्बास समेतं) मूल्याङ्कन गर्न मार्ग निर्देशन गर्ने प्रमुख दस्तावेजहरू :

## क. नेपाल सरकार

३.२ विद्यमान ऐन, नियम र निर्देशिकाहरू

३.२.१ नेपाल अधिराज्यको संविधान २०४७।

नेपाल अधिराज्यको संविधान २०४७ देशको सर्वोच्च कानून हो । वातावरणका सम्बन्धमा उक्त संविधानको धारा २६(४) मा यसरी उल्लेख भएको छ “जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससँग सम्बन्धित क्रियाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरू पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ वन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ ।” **नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५(५) मा पनि वातावरणबारे यसरी उल्लेख भएको छ “राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ । जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकाससम्बन्धी कियाकलापहरूद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथमिकता दिनेछ । वन र वनस्पतिबाट प्राप्त लाभमा सामान्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ ।” धारा १८(१) ले वातावरणसम्बन्धी नागरिक हकबारे अझै यसरी स्पष्ट गरेको छ “प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ ।”*** यसरी संविधानमा भएको प्रावधानले विकास योजना संचालन गर्दा वातावरणीय प्रभावको मूल्याङ्कन गर्नु पर्ने आवश्यकताबारे संकेत गरेको छ किनकि (वातावरणीय प्रभाव मूल्याङ्कन) यो मात्र एउटा यस्तो साधन हो जसका आधारमा वातावरणसम्बन्धी मुख्य मुख्य असरहरू उत्पन्न हुनु भन्दा धेरै पहिले नै पहिचान गरी तिनीहरूको रोकथामका लागि उपयुक्त उपायहरू सिफारिस गर्न सकिन्छ भनेर प्रमाणित भएको छ ।

सम्पत्तिको अधिकार र जग्गा विक्रीका सम्बन्धमा संविधानमा यस्तो व्यवस्था भएको छ : संविधानको धारा १७(१) ले प्रत्येक नागरिकको संपत्तिको अधिकार स्थापित गरेको छ जस अनुसार प्रत्येक नेपाली नागरिकले सम्पत्ति आर्जन गर्न, आफ्नो सम्पत्ति प्रयोग

* यो अनुवाद होइन ।

गर्न र बेच्न पाउँछ र आफ्नो सम्पत्तिमा विद्यमान ऐन-नियमले दिएको अधिकार प्रयोग गर्न पाउँछ । धारा १७ (२) ले स्पष्ट गरेको छ कि सार्वजनिक हितको काममा बाहेक राज्यले कसैको पनि व्यक्तिगत सम्पत्ति अधिग्रहण गर्न, उपयोग गर्न वा त्यसमा आफ्नो अधिकार जमाउन पाउँदैन । धारा १७ (३) ले अझै स्पष्ट गरेको छ कि यदि सार्वजनिक हितको कामका लागि राज्यले कसैको व्यक्तिगत सम्पत्ति अधिग्रहण गर्नु परेमा वा त्यसमाथि आफ्नो अधिकार स्थापित गर्नु परेमा सम्पत्ति गुमाउने व्यक्तिलाई प्रचलित ऐनका आधारमा सम्पत्तिको मूल्याङ्कन गरी ऐनमा नै भएको प्रक्रिया अपनाएर मुआब्जा दिनु पर्छ । **नेपालको अन्तरिम संविधान २०६३ को धारा १९(१) मा पनि सम्पत्तिको हकबारे यसरी उल्लेख भएको छ "प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेच बिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।" धारा १९(२) ले जग्गा अधिग्रहणसम्बन्धमा यस्तो व्यवस्था गरेको छ "सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।"*** तसर्थ राज्यले कसैको पनि सम्पत्ति अधिग्रहण गर्दा दिनु पर्ने मुआब्जा निर्धारण गर्दा र मुआब्जा वितरण गर्दा कानूनमा व्यवस्था भए अनुसार कै आधार र प्रक्रिया अवलम्बन गर्नु पर्छ ।

३.२.२ स्थानीय स्वायत्तशासन ऐन २०५५ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकायहरूलाई आफ्नो कार्यक्षेत्रभित्र जमिन वनजंगल र प्राकृतिक स्रोतहरूको संरक्षण गर्ने र वातावरण संरक्षणका लागि विभिन्न क्रियाकलापहरू संचालन गर्न सक्ने अधिकार दिएको छ । उक्त ऐनको २८ देखि ४३ सम्मका दफाहरूले वातावरण र जैविक विविधता संरक्षण गर्नका लागि ती विषयहरूसँग सम्बन्धित कार्यक्रम बनाउन र कार्यान्वयन गर्न गाउँ विकास समिति (गा.वि.स.) लाई अधिकार दिएको छ । त्यसै गरी उक्त ऐनको १८९ देखि २०१ सम्मका दफाहरूले जिल्लास्तरका योजनाहरूको कार्यक्रम बनाउँदा र योजना कार्यान्वयन गर्दा वातावरण संरक्षणलाई प्राथमिकता दिनुपर्ने र यस्ता कार्यक्रमको निर्माण र कार्यान्वयन गर्ने दायित्व जिल्ला विकास समिति (जि.वि.स.) को हो भनेर जि.वि.स.को दायित्व तोकेको छ । अध्ययन गरिएको सडक राष्ट्रिय स्तरमा नै प्राथमिकता पाएको योजना अन्तर्गतको सडक भएकाले सम्बन्धित गाउँ विकास समिति (गा.वि.स.) र जिल्ला विकास समिति (जि.वि.स.) हरूले भू-संरक्षण र जल-संरक्षणसम्बन्धी क्रियाकलापहरूको नियमन (Regulate) र नियन्त्रण गर्न सक्दछन् जसबाट सडकको स्लोप स्थिर गर्न र सडकमा आउन सक्ने र सडक निर्माणकै कारण उत्पन्न हुन सक्ने वातावरणसम्बन्धी विभिन्न किसिमका प्रतिकूल असरहरू न्यूनीकरण गर्न मद्दत मिल्छ ।

३.२.३ नेपाल वातावरणनीति तथा कार्य योजना १९९३ ।

* यो अनुवाद होइन ।

नेपाल वातावरण नीति तथा कार्य योजना, विकास प्रक्रियामा वातावरण संरक्षण गर्नु पर्ने विषयलाई संस्थागत गराउनका लागि १९९३ मा पारित भएको हो । यसले मुख्य रूपले औद्योगिक, शहरी विकास र पूर्वाधार तर्फको विकाससँग सम्बन्धित वातावरणीय पक्षलाई सम्बोधन गर्छ । यसमा समावेश भएको पूर्वाधार विकासतर्फको कार्य योजनाले अन्य विषयका अतिरिक्त सडक क्षेत्रका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) निर्देशिका तयार गर्न सिफारिस गरेको छ । त्यसको पूरक दस्तावेजका रूपमा (Subsequent) तयार भएको नेपाल वातावरण नीति तथा कार्य योजना २ मा वातावरणसम्बन्धी कार्यक्रम र कार्य योजनाहरूको कार्यान्वयनका लागि अपनाउनु पर्ने उपायहरू समावेश भएका छन् ।

## ३.३ वातावरण तथा प्राकृतिक स्रोत संरक्षण

### ३.३.१ वातावरण संरक्षण ऐन २०५३ ।

वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ मा (पहिलो संशोधन २०५५) सडक लगायत विकासका योजनाहरूमा वातावरणीय पक्षलाई साथ साथै (Integration) लैजानु पर्ने विषयलाई संस्थागत गर्नका लागि प्रावधानहरू राखिएका छन् । उक्त ऐन तथा निमावलीले वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयलाई (त्यति बेला जनसंख्या तथा वातावरण मन्त्रालय) वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन स्वीकृत गर्ने अधिकार दिएको छ । त्यसै गरी आइ.ई.ई. (IEE) स्तरको अध्ययनका हकमा भने यस योजनाको सन्दर्भमा तालुक मन्त्रालयका रूपमा रहेको भौतिक योजना तथा निर्माण मन्त्रालयलाई प्रारम्भिक वातावरणीय परीक्षण (आइ.ई.ई.) को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने अधिकार दिएको छ । वातावरण संरक्षण ऐन २०५३ का मुख्य विषयहरू संक्षेपमा तल दिइएका छन् ।

ऐनले विकास र वातावरण एक अर्काका परिपूरक भएको विषयलाई स्वीकार गरी विकास योजनाबाट मानिस, पशुपन्छी र वनस्पतिका प्रजातिहरूमा र उनीहरूको भौतिक अवस्थामा पर्ने वातावरणीय क्षति न्यूनीकरण गर्ने विषयमा चासो देखाएको छ ।

ऐनले वातावरणको विद्यमान अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमका प्रस्ताव, प्लान (Plan) र योजनाहरूमा इ.आई.ए. (EIA) वा आइ.ई.ई. (IEE) गर्नु पर्ने र यस्तो अध्ययन गर्ने दायित्व योजना प्रस्तावकको नै हो भनेर दायित्व तोकी सबै किसिमका इ.आइ.ए. (EIA) प्रतिवेदन स्वीकृत गर्ने अधिकार वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयलाई र सबै किसिमका आइ.इ.इ. (IEE) प्रतिवेदन स्वीकृत गर्ने अधिकार सम्बन्धित मन्त्रालयलाई दिएको छ । यसले वातावरणमा प्रतिकूल असर उत्पन्न गर्ने कुनै पनि वस्तु, इन्धन यन्त्र उपकरण वा प्लाण्ट (Plant) को प्रयोगमा बन्देज लगाउन सक्ने अधिकार पनि वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयलाई दिएको छ । कुनै संस्था वा व्यक्तिको क्रियाकलापबाट प्रदूषण भएमा वा वातावरण अथवा कसैको व्यक्तिगत सम्पत्तिमा क्षति पुगेमा त्यसरी क्षति पुऱ्याउने संस्था वा व्यक्तिले प्रभावित

व्यक्तिलाई उचित क्षतिपूर्ति दिनु पर्ने प्रावधान पनि ऐनमा छ । ऐनले वातावरण संरक्षणको क्षेत्रमा सकारात्मक असर पैदा गर्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई थप उत्प्रेरणा (Incentive) दिन सक्ने अधिकार नेपाल सरकारलाई दिएको छ । वातावरण संरक्षण, प्रदूषण नियन्त्रण र राष्ट्रिय सम्पदा (Heritage) संरक्षणको काममा लगानी गर्न वातावरण संरक्षण कोष स्थापना गर्न सक्ने प्रावधान पनि ऐनमा रहेको छ । यसले कुनै विशेष किसिमको क्षेत्रलाई वातावरणीय दृष्टिकोणले संरक्षित क्षेत्र भनेर घोषणा (Declare) गर्न सक्ने अधिकार पनि नेपाल सरकारलाई दिएको छ ।

३.३.२ वातावरण संरक्षण नियमावली २०५४ (पहिलो संशोधन २०५५) ।

सामरिक सडक संजाल (SRN) अन्तर्गतका आगामी सडक योजनाहरूमा आइ.इ.इ. (IEE), इ.आइ.ए. (EIA) र सामाजिक प्रभाव मूल्याङ्कन (SIA) गर्नु पर्ने आवश्यकता देखिएको सन्दर्भमा यस नियमावलीमा यस्ता कार्यक्रममा संलग्न हुने योजना प्रस्तावकहरूलाई उपयोगी हुने प्रावधानहरू रहेका छन् । वातावरण संरक्षण ऐन २०५४ लाई प्रभावकारी रूपले कार्यान्वयन गराउने सिलसिलामा वातावरण संरक्षण नियमावली २०५४ मा लागु गरिएको र यसलाई २०५५ मा संशोधन पनि गरिएको छ । वातावरण संरक्षण नियमावलीमा इ.आइ.ए. (EIA) आइ.इ.इ. (IEE) आवश्यक पर्ने योजनाहरूको तयारी र स्वीकृतिका लागि अवलम्बन गर्नु पर्ने प्रक्रियाहरूबारे विस्तारमा उल्लेख भएको छ । यस अन्तर्गत क्षेत्रनिर्धारणसम्बन्धी कागजात, कार्यसूची, सूचना प्रसारण (Dissemination), सार्वजनिक छलफल, सार्वजनिक सुनुवाई, वातावरणीय अनुगमन र वातावरणीय परीक्षण (Audit) पर्दछन् । वातावरण संरक्षण नियमावलीमा भएको व्यवस्था अनुसार कार्यक्षेत्र र कार्यसूची तयार गर्नुभन्दा अगाडि सार्वजनिक छलफल र इ.आइ.ए. (EIA) प्रतिवेदन स्वीकृत हुनुभन्दा अगाडि सार्वजनिक सुनुवाई गर्नुपर्छ । वातावरणसम्बन्धी ऐनमा वातावरणीय मूल्याङ्कन स्वीकृतिको प्रक्रियाहरूबारे उल्लेख भएको छ । वातावरण संरक्षण ऐन २०५३ को ३ देखि ६ र वातावरण संरक्षण नियमावली २०५४ (पहिलो संशोधन २०५५) को ३ देखि ११ सम्मका दफाहरूमा यस किसिमका प्रावधानहरू रहेका छन् । नियमावलीको दफा १२ ले प्रतिवेदनमा उल्लेख भएका विषयहरू र प्रतिवेदन स्वीकृत गर्दा स्वीकृत गर्ने वा सम्बन्धित निकायले कुनै शर्त राखी प्रतिवेदन स्वीकृत गरेको भए सो समेतको परिपालना योजना प्रस्तावकले गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ भने दफा १३ र १४ वातावरणीय अनुगमन र वातावरणीय परीक्षण (Audit) सँग सम्बन्धित छन् ।

वातावरणसम्बन्धी ऐन-नियमहरूले सम्बन्धित मन्त्रालयलाई रोकथामका उपाय लगायत वातावरणसम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन गर्ने अधिकार दिएको छ भने वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयलाई वातावरणीय परीक्षण गर्ने अधिकार दिएको छ । आइ.इ.इ. (IEE) का सन्दर्भमा, प्रस्तावित योजनासँग सम्बन्धित मन्त्रालयका रूपमा रहेको भौतिक योजना तथा निर्माण मन्त्रालयलाई आइ.इ.इ. (IEE) को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने अधिकार दिएको छ । वातावरण संरक्षण नियमावलीले पनि विकास, निर्माणका कामहरूलाई विभिन्न वर्गमा विभाजित गरी योजनाहरूको सूची समेत बनाएर कुन योजनामा इ.आइ.ए. (EIA) र कुन योजनामा

आइ.इ.इ. (IEE) अध्ययन आवश्यक पर्ने हो सो को निर्धारण गरेको छ। यसका साथै नियमावलीमा कार्यसूची तथा इ.आइ.ए. (EIA) र आइ.इ.इ. (IEE) प्रतिवेदनमा हुनु पर्ने विषयहरूको रूपरेखा (Outline) पनि समावेश भएको छ । इ.आइ.ए. (EIA) प्रतिवेदनको मुख्य अंगको रूपमा वातावरण व्यवस्थापन योजना तयार गरिनु पर्दछ । वातावारण संरक्षण नियमावली २०५४ को प्रावधान अनुसार योजनाप्रस्तावकले रोकथामका उपायहरूको कार्यान्वयन गर्नुपर्छ र वातावरणको अनुगमन सम्बन्धित मन्त्रालयले गर्नुपर्छ। त्यसैगरी वातावरणीय परीक्षण गर्ने काम वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्नुपर्दछ।

वातावरणसम्बन्धी ऐनले योजनाको क्षेत्रनिर्धारण देखि इ.आइ.ए. (EIA) प्रतिवेदन स्वीकृतिसम्मका विभिन्न चरणहरूमा योजनासँग सम्बन्धित सबै किसिमका सरोकारवालाहरूलाई आफ्नो समस्या व्यक्त गर्ने अवसर मिलोस् भन्ने उद्देश्यले सार्वजनिक छलफललाई सबै किसिमका योजनाहरूका लागि पूर्व शर्तको रूपमा राखेको छ । कार्यक्षेत्र निर्धारणको समयमा सार्वजनिक छलफल अनिवार्य रूपमा गर्नु पर्ने र मस्यौदा प्रतिवेदन तयार भए पछि सार्वजनिक सुनुवाई गर्नु पर्ने र यस्तो छलफल र सुनुवाईमा सकेसम्म बढी संख्यामा जनसाधारणको सहभागिता गराउनु पर्ने वाध्यात्मक व्यवस्था ऐनले गरेको छ। सम्बन्धित सरोकारवालाहरूको यस किसिमको सहभागिता इ.आइ.ए. प्रतिवेदन तयारीको सबै अवस्थामा रहने गर्दछ। नियमावलीको दफा १८ ले कसैले वातावरणीय मूल्याङ्कन आवश्यक पर्ने प्रस्ताव विना स्वीकृति कार्यान्वयन गरेमा वा प्रस्ताव स्वीकृत हुँदा राखिएको शर्त विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा त्यस्तो काम तुरून्त बन्द गर्ने र काम गर्ने व्यक्तिलाई रू. १ लाखसम्म जरिवाना गर्न सक्ने अधिकार सम्बन्धित पदाधिकारीलाई दिएको छ।

३.३.३ भू तथा जलाधार संरक्षण ऐन १९८२।

नेपालका जलाधार क्षेत्रहरूलाई व्यवस्थित गर्नका लागि भू तथा जलाधार संरक्षण ऐन १९८२ जारी गरिएको हो । ऐनको दफा ३ ले सरकारलाई जुनसुकै क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र (जलाधार आरक्ष) भनेर घोषणा गर्न सक्ने अधिकार दिएको छ। ऐनको दफा ४ ले जलाधार संरक्षण अधिकृतलाई संरक्षित जलाधार क्षेत्रभित्र निम्न वमोजिमको काम गर्न सक्ने अधिकार दिएको छ :

- टारहरूको सुधारको काम, बाँध, सडक (इम्बैकमेण्ट), डाईभर्सन च्यानल र रिटेनिङ्ग वाल निर्माण र मर्मत गर्ने काम।
- पहिरो जान सक्ने क्षेत्रका वनस्पतिको संरक्षण गर्ने र यस्ता क्षेत्रमा वृक्षारोपण गर्ने काम।
- भू तथा जलाधार संरक्षणसँग सम्बन्धित कृषि क्षेत्रका विद्यमान अभ्यासहरूलाई नियमन (Regulate) गर्ने काम।

ऐनको दफा १० ले जलाधार संरक्षण अधिकृतलाई संरक्षित क्षेत्रभित्र बाँध, पानी निकासको Ditch र नहरनिर्माण, निजी स्वामित्वमा भएका रूखहरू काट्ने, वालुवा,

गिट्टी, ढुङ्गा र माटो उत्खनन गरी सङ्कलन गर्ने, फोहरमैला निष्कासन गर्ने, औद्योगिक प्रतिष्ठान वा आवास क्षेत्र स्थापना गर्न स्वीकृति दिन सक्ने थप अधिकार पनि दिएको छ । ऐनमा जलाधार क्षेत्रको उपयुक्त किसिमले व्यवस्थापन, नदी र तालको व्यवस्थापन समेत गर्न आवश्यक पर्ने विषयहरूको प्रारूप (Outline) पनि दिइएको छ । यो ऐन संरक्षित जलाधार क्षेत्रमा लागु गर्न सकिन्छ ।

### ३.३.४ वन नीति १९९३ ।

कुनै विकास योजनाको कार्यान्वयनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वन सम्पदामा असर पार्ने भएमा वन नीति १९९३ आकर्षित हुन्छ । वननीति वन र खेती प्रणालीबीचको अन्तरक्रियालाई प्रभावकारी गराएर खाद्यान्न उत्पादन बृद्धि गर्न मद्दत गर्ने, भूक्षय, पहिरो र पर्यावरणमा परेको अवरोधको परिणामबाट उत्पन्न हुने अन्य प्रभावहरूद्वारा जमिनको स्तरमा गिरावट (Land Degradation) आउने काम रोक्ने र पर्यावरणीय प्रणाली तथा वंशाणुमूलक स्रोतहरूको संरक्षण गर्ने तर्फ उन्मुख (Directed) छ । तर वननीति वनक्षेत्र भन्दा बाहिरका योजनाका संरचनाहरू निर्माण गर्दा हुन जाने वनविनाश तथा रूख कटानलाई रोक्ने विषयमा बढी केन्द्रित रहेको छ । जलाधारकै संरक्षण र भूमिगत जल भण्डारलाई रिचार्ज गर्ने प्रक्रियालाई व्यवस्थितगर्न प्रोत्साहित गर्ने उद्देश्यले वन नीतिले भौगोलिक दृष्टिकोणले ज्यादै सम्वेदनशील देखिने सिवालिक क्षेत्रको संरक्षणलाई प्राथमिकता दिएको छ । वन नीतिले जोखिममा परेका प्रजातिहरूको पनि संरक्षण गर्न जोड दिएको छ । वन क्षेत्रभित्र अपरेशनल (Operational) वन व्यवस्थापन योजनामा उल्लेख भए वाहेकका कुनै पनि क्रियाकलाप संचालन नगर्ने विषयमा वननीतिले पटक पटक (Reiterated) जोड दिएको छ । वननीतिले सामुदायिक र निजी तवरमा गरिने वन विकास, राष्ट्रिय निकुञ्ज तथा आरक्षित क्षेत्र व्यवस्थापन, भू तथा जलाधार संरक्षण, आलंकारिक वनस्पतिको विकास तथा व्यवस्थापन र जैविक विविधता संरक्षणका कार्यक्रमहरू कार्यान्वयन गर्न जोड दिएको छ ।

### ३.३.५ वन ऐन, २०४९ ।

वन ऐन, २०४९ ले स्वस्थ वातावरण बनाई राख्ने काममा वन क्षेत्रको भूमिकालाई स्वीकार गरेको छ । ऐनले वन सम्पदाको मूल्याङ्कन गर्दा काठ र अन्य वस्तुको उत्पादन मात्र हिसाब नगरेर वातावरण क्षेत्रमा वन क्षेत्रबाट उपलब्ध हुने फाइदा र जैविक विविधता संरक्षण लगायतका विषयहरूलाई समेटेर निर्णयकर्ताहरूले वनक्षेत्रको समग्र मूल्याङ्कन गर्नु पर्ने विषयलाई जोड दिएको छ । ऐनको मूल्याङ्कनआधार प्रयोगमूलक नभएर स्रोतमूलक रहेको छ ।

वन ऐन २०४९ (संशोधित १९९८) मा स्वीकृत कार्य योजनाका आधारमा वनको विकास, संरक्षण र व्यवस्थापन तथा वनसम्पदाको दिगो हिसाबले प्रयोग गर्ने विषयहरूलाई सुनिश्चित गर्नका लागि विभिन्न प्रावधानहरू रहेका छन् । कार्य योजनामा राष्ट्रिय वन, सामुदायिक वन, ठेक्कामा संचालित वन, निजी वन र धार्मिक वन गरी पाँच वर्गमा विभाजित भएका वनहरूमा संचालन गरिने सबै किसिमका

क्रियाकलापहरूको सूची समावेश भएको हुनुपर्छ । ऐनको दफा २३ ले सरकारलाई वातावरणीय, वैज्ञानिक र सांस्कृतिक दृष्टिकोणले विशेष महत्व राख्ने राष्ट्रिय वन भित्रको कुनै भागलाई सीमांकित (delineate) गरी त्यसलाई संरक्षित वन भनेर घोषित गर्नसक्ने अधिकार दिएको छ । ऐनको दफा ४९ ले कुनै पनि राष्ट्रिय वनमा पूर्व स्वीकृति नलिई जग्गा विराउने (Reclaiming), वोट विरूवा र रूख काट्ने, आगो लगाउने, गाईवस्तु चराउने, वन पैदावार हटाउने र वन पैदावरमा क्षति पुऱ्याउने, सिकार खेल्ने र ढुङ्गा, वालुवा र माटो उपलब्ध गर्न खन्ने काम गर्न नपाउने गरी वन्देज लगाएको छ । तर पनि सरकारले मौजुदा वातावरणीय अवस्थालाई उल्लेखनीय रूपले प्रतिकूल असर नपार्ने सुनिश्चित गरेर ऐनको दफा ६८ प्रयोग गरी कुनै पनि वर्गको वनको कुनै खण्डमा राष्ट्रिय प्राथमिकताको योजना संचालन गर्ने स्वीकृति दिन सक्छ ।

३.३.६  वन नियमावली १९९५ ।

वन नियमावली १९९५ (संशोधित १९९९) मा वन र वन्यजन्तु संरक्षणका लागि व्यवस्था गरिएका कानूनी प्रावधानहरू विस्तारित रूपमा उल्लेख भएका छन् । वन ऐनका आधारमा वनस्पतिका १३ वटा प्रजातिहरू संरक्षित प्रजातिको वर्गमा सूचीकृत गरिएका छन् । सरकारले ती प्रजातिहरूमध्ये चाँप, खयर र सालको कटानी, ढुवानी र निर्यातमा बन्देज लगाएको छ । वन नियमावलीले कुनै पनि वनक्षेत्र प्रयोग गरी संचालन गर्न स्वीकृत भएको योजना संचालनको सिलसिलामा गरिने वन पैदावारको कटानी र ढुवानीमा लाग्ने खर्च योजना प्रस्तावकले नै व्यहोर्नु पर्ने व्यवस्था गरेको छ ।

३.३.७  वनपैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका २००१ ।

यस निर्देशिकाको दफा ३-१० ले जंगल फडानी र त्यसका लागि जंगल क्षेत्रको सीमाङ्कन, काठको परिमाणको मूल्याङ्कन आदिका लागि अपनाउनु पर्ने प्रक्रिया र त्यस सिलसिलामा प्रयोग गर्नु पर्ने कागजातका फारामहरू तोकेको छ र स्वीकृति, सीमाङ्कन र मूल्याङ्कन गर्न जिम्मेवार सरकारी कार्यालय र कर्मचारी पनि तोकेको छ ।

३.३.८  जलचर संरक्षण ऐन, १९६१ ।

यस ऐनले सिमसार क्षेत्र (Wetland) र जलचरको महत्वलाई धेरै पहिले नै स्वीकार गरेको छ । यस ऐनको दफा ३ ले कुनै पनि जलचरलाई समात्ने अथवा मार्ने उद्देश्यले कुनै पनि जलराशि/जलस्रोतमा विषालु, Noxious वा विष्फोटक पदार्थ प्रयोग गर्ने वा नहर, पुल वा मौजुदा जलप्रणाली मा क्षति पुऱ्याउने जुनसुकै समूह वा व्यक्तिलाई दण्डित गर्ने व्यवस्था गरेको छ । ऐनको दफा ४ ले सरकारलाई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी केही जातिका जलीय प्राणीलाई समात्न, मार्न वा चोट पटक लगाउन वन्देज लगाउन सक्ने अधिकार दिएको छ ।

३.३.९  राष्ट्रिय सिमसार (Wetland) नीति २००३ ।

राष्ट्रिय सिमसार नीति २००३ मा सिमसार क्षेत्रको वरिपरि विकास निर्माणका योजना वा कार्यक्रम संचालन गर्दा प्रचलित ऐनमा व्यवस्था भए अनुरूप इ.आइ.ए. (EIA) गराउनु पर्ने प्रावधान रहेको छ ।

३.३.१० राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन १९७३ तथा नियमावली ।
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन १९७३ ले पर्यावरणीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र र स्थानीयस्तरका वन्यजन्तुको संरक्षण गर्ने विषयलाई सम्वोधन गरेको छ । उक्त ऐनले कुनै निकुञ्ज र आरक्षभित्र पूर्व स्वीकृति विना कसैले पनि कुनै किसिमको क्रियाकलाप/आवतजावत गर्न नपाउने गरी वन्देज लगाएको छ (दफा ४) । ऐनको दफा ५ ले अधिकार प्राप्त अधिकारीको लिखित स्वीकृति वेगर आरक्ष क्षेत्रभित्र वन्यजन्तु शिकार गर्ने, घर, टहरा वा छाप्रो बनाउने र जनावर वा वनस्पतिलाई कुनै क्षति पुऱ्याउने काम गर्न वन्देज लगाएको छ । ऐनले स्तनपायी (Mammal) का २६ पन्छीका ९ र घस्रने (सरीसृप/सर्प) (Reptile) जातिका ३ प्रजातिहरूलाई संरक्षित वन्यजन्तुका रूपमा सूचीकृत गरेको छ ।

३.३.११ पहाडी राष्ट्रिय निकुञ्ज नियमावली १९७९ ।
यस नियमावलीले लाङटाङ राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्जको प्रशासन संचालन गर्छ । यस नियमावलीको दफा ७ ले वार्डेनको लिखित स्वीकृतिविना कुनै पनि राष्ट्रिय निकुञ्जभित्र निम्न लिखित क्रियाकलापहरू संचालन गर्न वन्देज लगाएको छ :

- भवन निर्माण, छाप्रो वा अरू किसिमको निर्माण र यसरी निर्माण गरिएको संरचनाको प्रयोग ।
- कुनै पनि जग्गामा अतिक्रमण (कब्जा), कुनै पनि वनस्पतिको फँडानी, क्षति वा निष्कासन तथा कुनै किसिमको वाली लगाउने वा काट्ने ।
- कुनै पनि घरेलु जनावर वा पन्छीलाई चराउने वा पानी पिलाउने ।
- वनस्पति र विरूवाहरू काट्ने, छिमल्ने, हटाउने वा तिनीहरूमा आगो लगाउने वा अरू कुनै तरिकाले रूख, झाडी वा विरूवामा क्षति पुऱ्याउने ।
- रात विताउने, क्याम्पिङ वा क्याम्प फायर (Campfire) गर्ने ।
- जोत्ने, बारूद विछ्याउने (Mine) वा ढुङ्गा, वालुवा, माटो र खनिज पदार्थ ( Minerals) हरू हटाउने वा कुनै पनि हिसाबले जमिनमा क्षति पुऱ्याउने काम ।
- राष्ट्रिय निकुञ्जभित्रबाट वहने नदी वा पानीको स्रोत थुन्ने, फर्काउने वा तिनमा खतराजनक वा विष्फोटक पदार्थ प्रयोग गर्ने ।
- राष्ट्रिय निकुञ्जभित्र कुनै किसिमका विषालु विरूवा, जनावर र पन्छी ल्याउने र छाड्ने ।

३.३.१२ वफर (Buffer) क्षेत्र व्यवस्थापन नियमावली १९९६ ।
वफर क्षेत्र व्यवस्थापन नियमावली १९९६ ले वफर क्षेत्रभित्र निम्न लिखित क्रियाकलाप संचालन गर्न वार्डेनको स्वीकृति लिनै पर्ने बाध्यात्मक व्यवस्था गरेको छ :

- कानूनी तवरले स्वामित्व नभएको जग्गा कब्जा गर्ने (Occupy) वा रूख काट्ने, जंगल फाँड्ने, वा वनक्षेत्रमा खेती गर्ने ।
- वनसम्पदामा क्षति पुऱ्याउने वा वनमा आगो लगाउने कुनै पनि क्रियाकलाप ।

- ढुङ्गा, माटो र वालुवा झिक्ने वा बारूद विछ्याउने वा खनिज उपलब्धिका लागि उत्खनन गर्ने (खन्ने) वा माटो, खनिज पदार्थ र यसै किसिमका अन्य पदार्थहरू हटाउने ।
- वफर क्षेत्रमा वहने कुनै नदीनाला वा पानीको स्रोतमा नोक्सान पुऱ्याउने कुनै खतराजनक वा विस्फोटक पदार्थ प्रयोग गर्ने ।
- गैरकानूनी शिकार र वन्यजन्तुमा क्षति पुऱ्याउने कुनै काम । यो नियमावली रारा राष्ट्रिय निकुञ्जको वफर क्षेत्रबाटजाने नगमा-गमगढी सडक निर्माणमा प्रयोग हुन सक्छ ।

३.३.१३ सडक योजनासँग सम्बन्धित हुनसक्ने अन्तरराष्ट्रिय कानूनी प्रावधान ।
नेपालले वातावरण संरक्षणसँग सम्बन्धित र केही हदसम्म सडक योजनाको डिजाइनसँग पनि सम्बन्धित हुन सक्ने धेरै अन्तरराष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर गरेको छ । उदाहरणका लागि नेपालले १२ जुन १९९२ मा रियो डी जेनिरो (ब्राजिल) मा जैविक विविधताको महासन्धिमा हस्ताक्षर गरेको छ । उक्त महासन्धिले कुनै योजना वा कार्यक्रमले जैविक विविधतामा पार्ने प्रतिकूल असरको न्यूनीकरणका लागि EIA गराउनु पर्ने बारेको रूपरेखा विस्तारमा दिएको छ । महासन्धिको दफा १४ मा असर मूल्याङ्कनसँग सम्बन्धित र प्रतिकूल असरको न्यूनीकरणसँग सम्बन्धित प्रावधानहरू रहेका छन् । विस्तृत अर्थमा, महासन्धिले हस्ताक्षर गर्ने पार्टीहरूलाई उपयुक्त प्रक्रियाबाट EIA गराउनुका साथै सार्वजनिक सहभागिता सुनिश्चित गर्ने, अन्य मुलुकको जैविक विविधतामा प्रतिकूल असर पर्ने भएमा यस सम्बन्धी सूचना आदानप्रदान गर्ने, अन्य मुलुकको जैविक विविधतामा खतरा वा क्षति पुग्ने संभावना भएमा त्यस्ता देशहरूलाई सूचना दिने र यस किसिमका क्षतिहरूको न्यूनीकरणको लागि कार्यवाही शुरू गर्न हस्ताक्षर गर्ने देशहरूलाई निर्देशित गर्छ ।

अन्य कानूनी दायित्वहरू निम्न लिखित अन्तरराष्ट्रिय महासन्धि र सम्झौताहरूका प्रावधानसँग सम्बन्धित छन् :

- हानिकारक फोहरको सीमापारिको आवतजावत र तिनीहरूको निष्काशन बारेको बसेल महासन्धि १९४९
- ओजोन तहको संरक्षणका लागि भियना महासन्धि १९८५
- हावापानी परिवर्तन बारे संयुक्त राष्ट्र संघको (UN) रूपरेखा महासन्धि १९९२
- एशिया र प्यासिफिक क्षेत्रमा आक्वा कल्चर केन्द्रको संजालको सम्झौता
- दक्षिण एशिया तथा प्रशान्त क्षेत्रका लागि विरूवा संरक्षण सम्झौता १९८८
- वन्य क्षेत्रका ल्फोरा, फौनाका जोखिममा परेका प्रजातिको अन्तरराष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (CITES), १९७३
- रामसार महासन्धि (अन्तरराष्ट्रिय महत्वका सिमसार क्षेत्रसम्बन्धी महासन्धि, खास गरेर Water Fowl Habitat) १९७१

- विश्व सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षणका लागि महासन्धि
- मरूभूमीकरण विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धि

## ३.४ सडक निर्माण तथा जग्गा अधिग्रहण

### ३.४.१ विष्फोटक पदार्थ ऐन २०१८।

निर्माणकाममा विष्फोटक पदार्थ प्रयोग गर्नु पर्ने भएमा विष्फोटक पदार्थ ऐन २०१८ मा व्यवस्था भए अनुसार विष्फोटक पदार्थ खरिद गर्नका लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) को पूर्व स्वीकृति लिनुपर्छ। कुनै पनि विकास योजनामा विष्फोटक पदार्थ प्रयोग गर्नु परेमा ऐनको दफा ४ अनुसार विष्फोटक पदार्थको खरिद, भण्डारण, प्रयोग र ढुवानी गर्नका लागि अनुमतिपत्र लिनु पर्छ।

### ३.४.२ सार्वजनिक सडक ऐन २०३१।

सार्वजनिक सडक ऐन नेपालमा सडक निर्माण र मर्मत संभार गर्न मार्ग निर्देशन गर्ने कानूनी दस्तावेज हो। ऐनले ग्रामीण सडक (ग्रामीण क्षेत्रमा पर्ने सडक) बाट दायाँवायाँको निश्चित दूरीको सीमासम्म स्थायी किसिमका कुनै संरचना (जस्तै भवन) बनाउन निषेध गरेको छ अर्थात् सडक सीमाभित्रको जग्गाको सबै किसिमको अधिकार सडकसम्बन्धी निकायलाई उपलब्ध छ। ऐनले सडक निर्माण, पुनस्थापना र मर्मत संभार गर्नु पर्दा कुनै जग्गा वा जग्गामा निर्मित सम्पत्ति (Asset) अस्थायी रूपमा अधिग्रहण गर्नु परेमा त्यसका लागि पनि प्रावधान राखेको छ। मुआब्जा निर्धारण समितिले सडक निर्माण तथा मर्मत गर्दा कुनै सम्पत्ति, व्यापार-व्यवसाय वा उत्पादनमा क्षति हुने भएमा त्यसका लागि दिनु पर्ने मुआब्जा निर्धारण गर्छ। कुनै जग्गाबाट निर्माण सामाग्री उपलब्ध गर्नु पर्ने भए त्यस वापत दिनु पर्ने मुआब्जा बारे पनि ऐनमा विस्तृत रूपमा प्रावधान रहेको छ। ऐनको दफा १९ ले सडक सीमाभित्र कुनै काम गर्न अनिवार्य रूपले सडक विभागको स्वीकृति लिनु पर्ने व्यवस्था गरेको छ। यसै गरी दफा २९ को प्रावधान अनुसार स्थानीय निकायले सार्वजनिक सडकको सीमाक्षेत्रमा कुनै क्रियाकलाप संचालन गर्नु परेमा काम शुरू गर्नुभन्दा पहिले सडक विभागलाई जानकारी दिनुपर्छ र सो को स्वीकृति लिनु पर्छ।

ऐनले सडक निर्माण तथा स्तरोन्नति गर्दा (सामान भण्डारण, निर्माण क्याम्प (Camp) आदिका लागि) अस्थायी रूपमा आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न सक्ने अधिकार पनि सडक विभागलाई दिएको छ। यसरी अधिग्रहण गर्नु पर्ने जग्गामा कुनै भवन रहेको छ भने (जस्तै भवन, टहरा, मन्दिर, विद्यालय) त्यस किसिमको जग्गा सकभर अधिग्रहण गरिँदैन। ऐनले सडकको निर्माण र स्तरोन्नति गर्दा सँगै जोडिएको जग्गाबाट माटो, वालुवा, ढुङ्गा जस्ता निर्माण सामग्री उपलब्ध गर्न सक्ने अधिकार पनि सडक विभागलाई दिएको छ। ऐनमा जग्गा भाडामा लिन सक्ने प्रावधान रहेको छैन। तर पनि सडक निर्माण वा स्तरोन्नति गर्दा सो को कारण कुनै भवन, वाली नाली,

रूख विरूवा वा खेतीपातीको कुनै क्रियाकलापमा अवरोध आएमा जग्गाधनीलाई जग्गा फिर्ता गरेपछि त्यसबाट भएको नोक्सानीको मर्मत संभार गरी पहिलेकै अवस्थामा ल्याउनका लागि जग्गाधनीले खर्च गरेको रकम बरावरको क्षतिपूर्ति सडक विभागले दिनुपर्छ । यसरी क्षतिपूर्ति दिनु पर्ने रकम सडक विभाग र जग्गाधनी बीचको सहमतिबाट अथवा सम्बन्धित गा.वि.स. वा जि.प्र.का. का पदाधिकारीको माध्यमबाट तय गरिन्छ ।

सडक विभागले समय समयमा राजपत्रमा सूचना प्रकाशित गरी सडकको किनाराबाट दायाँवायाँ ६/६ मिटरभित्र कुनै किसिमको स्थायी संरचना (पर्खाल वाहेक) निर्माणमा रोक लगाउन सक्छ ।

३.४.३ जग्गा प्राप्ति ऐन २०३४ ।

जग्गा प्राप्ति ऐन २०३४ (संशोधन २०४९) ले नेपाल राज्यभित्र कुनै किसिमको निर्माण कार्य गर्दा आवश्यक पर्ने जग्गा अनिवार्य रूपमा अधिग्रहण गर्नुपर्ने गरी निर्देशित गरेको छ ।

जग्गा प्राप्ति ऐन २०३४ र जग्गा प्राप्ति नियमावली २०२६ जग्गा अधिग्रहण र मुआब्जा वितरण गर्ने कार्यको प्रक्रियासम्बन्धमा निर्देशित गर्ने दुईवटा मुख्य कानूनी संयन्त्रहरू हुन् । सरकारले अधिराज्यको जुनसुकै ठाउँमा जुनसुकै परिमाणमा सरकार वा सरकारी निकायले संचालन गर्ने कुनै पनि विकास योजनाका लागि आवश्यक पर्ने जग्गा ऐनले व्यवस्था गरे अनुसार मुआब्जा दिएर अधिग्रहण गर्न सक्छ (दफा ३ र ४) । यो सरकारलाई ऐनले दिएको ज्यादै ठूलो अधिकार हो किनकि यो अधिकार प्रयोग गरेर सरकारले सार्वजनिक निर्माणका लागि भनेर जुनसुकै जग्गा अधिग्रहण गर्न सक्छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १७ (३) ले राज्यले विकास निर्माणका लागि कसैको जग्गा अधिग्रहण गरेमा सो जग्गाको जग्गाधनीलई मुआब्जा दिनुपर्ने व्यवस्था गरेको छ । पुनर्वाससम्बन्धी नीतिको संरचनाको सन्दर्भमा जग्गा प्राप्ति ऐनमा व्यवस्था गरिएका निम्न विषयका प्रावधानहरू सम्बन्धित छन् :

- कसैको निजी सम्पत्ति अधिग्रहण गर्दा र सो वापतको मुआब्जा दिंदा निम्न प्रक्रिया अवलम्बन गरिन्छ । (क) प्रारम्भिक प्रक्रिया (ख) प्रारम्भिक अनुसन्धान प्रक्रिया (ग) जग्गा अधिग्रहण गर्ने सूचना (घ) मुआब्जा वितरणसम्बन्धी सूचना (ङ) दावीविरोधसम्बन्धी सूचना
- अधिग्रहण गरिने जग्गा र सम्पत्तिको मुआब्जाको दररेट निर्धारण गर्न मुआब्जा निर्धारण समिति (जिल्लास्तरको) गठन गर्नु पर्ने ।
- निम्न अवस्थामा मुआब्जा दिनु पर्ने (क) प्रारम्भिक अध्ययन गर्दा त्यसबाट कुनै किसिमको हानि नोक्सानी भएमा त्यस्तो हानि नोक्सानी वापत (ख) योजनाले स्थायी रूपमा अधिग्रहण गरेको जग्गा र सम्पत्ति (लगाएको बाली, रूख विरूवा र घर समेत) वापत

- मुआब्जाको दररेट निर्धारण गर्दा जर्ती सामानको ह्रासकट्टीको समेत हिसाब गरेर निर्धारण गर्नु पर्छ ।
- मुआब्जा दिंदा नगदमा दिनु पर्छ तर कुनै जग्गाधनीको आफ्नो स्वामित्वको सबै जग्गा गुम्ने भएमा त्यस्ता जग्गावालालाई उपलब्ध भएसम्म जग्गाको जग्गा नै सट्टाभर्ना दिइन्छ ।
- मुआब्जा दिंदा मुआब्जा पाउने अधिकारप्राप्त व्यक्तिलाई नै मुआब्जा दिइन्छ । यसरी मुआब्जा लिंदा जग्गाधनीले आफ्नो नाममा दर्ता भएको जग्गाको प्रमाणपत्र (लाल पुर्जा) पेश गर्नुपर्छ ।
- यदि जग्गाधनीले अधिग्रहण र मुआब्जा सम्बन्धमा दाबीविरोध गर्नु परेमा स्थानीय अधिकारीले (प्र.जि.अ.) जग्गाअधिग्रहणसम्बन्धी सूचना प्रकाशित गरेको निश्चित अवधिभित्र आफ्नो दाबीविरोध पेश गर्नुपर्छ । मुआब्जा दिंदा मुआब्जानिर्धारण समितिले निर्धारण गरेको दररेट अनुसार उक्त समितिले मुआब्जा माग गर्ने जग्गाधनीको निवेदनमा संलग्न सबै कागजात प्रमाणहरू रूजु गरिसकेपछि मात्र दिइन्छ ।
- मुआब्जा दिंदा फरक फरक दुई दररेटमा दिन सकिन्छ :
  (१) आफ्नो स्वामित्वमा भएको सबै जग्गा गुमाउने जग्गावाला
  (२) आफ्नो स्वामित्वमा भएको जग्गा आंशिक रूपमा गुमाउने जग्गावाला
- मुआब्जा निर्धारण समितिले मुआब्जाको रकम हिसाब गर्दा नेपाल सरकारले वेला वेलामा यस सम्बन्धमा लागु गरेको निर्देशिका र अधिग्रहणका कारण जग्गाधनीले गुमाएको जग्गा र आफ्नो वासस्थान वा व्यापार व्यवसायलाई अन्यत्र सार्नु पर्दा व्यहोर्नु पर्ने रकम समेत हिसाब गर्नुपर्छ ।
- यदि जग्गा अधिग्रहण गर्नु पर्ने हो भने मुआब्जा निर्धारण समितिले निम्न विषयहरू विचार गरि जग्गाको मुआब्जा निर्धारण गर्नु पर्छ : अधिग्रहणको सूचना प्रकाशित भएको बेला अधिग्रहण गरिने जग्गाको प्रचलित दररेट अनुसारको मूल्य, जग्गामा लगाएको बालीनाली र त्यसमा निर्मित संरचना र जग्गा अधिग्रहणका कारण घरवास र व्यापार व्यवसाय साविक ठाउँबाट अन्यत्र सार्दा व्यहोर्नु पर्ने खर्च ।

### ३.४.४ गुठी संस्थान ऐन २०३३ ।

जग्गा अधिग्रहण गुठी संस्थान ऐन २०३३ को प्रावधानसँग पनि मिल्ने गरेर गर्नु पर्दछ । यस ऐनको दफा ४२ को प्रावधान अनुसार विकास निर्माण कामका लागि गुठी ( धार्मिक संस्था) को जग्गा अधिग्रहण गरेको खण्डमा त्यसरी अधिग्रहण गरिएको जग्गाको सट्टा जग्गा नै दिनु पर्दछ (नगदमा मुआब्जा होइन) ।

### ३.४.५ जग्गा प्राप्ति निर्देशिका १९८९ ।

सडक विभागले सडक क्षेत्रको कामको सिलसिलामा प्रयोग गर्नका लागि जग्गाप्राप्ति सँग सम्बन्धित निर्देशिकाहरूमध्ये दुईवटा निर्देशिका महत्वपूर्ण देखिन्छन् । ती मध्ये एक जग्गा प्राप्ति निर्देशिका १९८९ हो भने अर्को जग्गा प्राप्ति ऐनको दफा १६ र १७ अन्तर्गतको निर्देशिका हो । यी निर्देशिकाहरूले प्रभावित परिवारलाई योजनाबाट

प्रभावित परिवार (PAF) र गम्भीर रूपले योजनाबाट प्रभावित परिवार (SPAF) भनेर दुई वर्गमा परिभाषित गरेको छ । योजनाबाट प्रभावित (PAF) वर्गमा योजनाबाट प्रतिकूल रूपले प्रभावित हुने एउटै घरधुरी भित्र बसोबास गर्ने आश्रित बृद्धबृद्धा र बालबालिका (१८ बर्षभन्दा कम उमेरका) भएको एउटै आर्थिक इकाईको रूपमा चलिरहेको परिवारलाई जनाउँछ । गम्भीर रूपले योजनाबाट प्रभावित परिवारको परिभाषा भित्र आफ्नो स्वामित्वमा भएको कुल जग्गा मध्ये २५ प्रतिशतभन्दा बढी जग्गा गुमाउने वा बाँकी रहेको जग्गा आर्थिक रूपले फाइदा नपुग्ने हिसाबले घटेको (५ कट्ठा भन्दा कम) वा साविक ठाउँबाट अन्यत्र बसाइँ सर्नुपर्ने परिवारहरू पर्दछन् ।

यी निर्देशिकाहरूको आधारमा योजनाटोलीको सहयोग लिएर सम्बन्धित पदाधिकारीले योजनाबाट प्रभावित परिवारको मूल्याङ्कन गरी उनीहरूको जीवनस्तर र उनीहरूको सम्पत्तिको किसिम यकिन गर्नुपर्छ । उनीहरूले गुमाउने जग्गा र सम्पत्तिको मूल्याङ्कन, वरपरका त्यसै किसिमका जग्गा र सम्पत्ति वेचविखन हुँदा प्रचलित बजार मूल्यसँग मिल्ने गरी गर्नु पर्दछ । निर्देशिकामा योजनाबाट प्रभावित परिवारलाई पुनस्थापना गराउने बारे पनि व्यवस्था गरिएको छ । योजनाबाट प्रभावित परिवार (PAF) लाई मुआब्जा दिने प्याकेजभित्र योजनाले अधिग्रहण गर्ने जग्गा वा योजनाले क्षति पुऱ्याएको सम्पत्ति वापत दिइने नगद रकम, र त्यसबाट भोग्नु परेको पीडा वा कठिनाई वापत दिइने अनुदान सहयोग (राहत भत्ता) पर्दछन् । गम्भीर रूपले प्रभावित परिवारका सम्बन्धमा भने त्यस्ता परिवारको एक सदस्यलाई रोजगारी र अरूलाई सीप विकासको तालिम थप मुआब्जाको रूपमा दिइन्छ ।

निर्देशिकाले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मालपोत अधिकृत, जि.वि.स.को प्रतिनिधि, योजना प्रमुख र आवश्यक देखिएमा अन्य व्यक्तिहरूसमेत रहने गरी अधिग्रहण तथा पुनस्थापना समिति (मुआब्जा निर्धारण समिति पनि भनिन्छ) गठन गर्नु पर्ने व्यवस्था गरेको छ । यो समिति जग्गा अधिग्रहण गर्ने र मुआब्जा वितरण गर्ने कामका लागि जिम्मेवार हुन्छ । १९९३ मा निस्केको दोस्रो निर्देशिकाले अधिग्रहण र पुनस्थापना समितिको सदस्य संख्या घटाएर यसलाई ४ सदस्यीय मुआब्जा निर्धारण तथा पुनस्थापना व्यवस्थापन समिति भनेर नामाकरण गरेको छ । यसरी सदस्य कम गर्दा साविकका सदस्यमध्येबाट मालपोत अधिकृत र सरकारी निकायबाट रहने अन्य प्रतिनिधिहरू हटाइएका छन् । उक्त निर्देशिकाले समितिको काम र अधिकार बारे स्पष्ट गर्नुका साथै मुआब्जा भुक्तानी गर्ने तरिका र निष्पक्ष ढंगले जग्गाको किसिम तोकि (Fair) मूल्याङ्कन गर्ने परिपाटी सुनिश्चित गर्ने उपाय बारे पनि स्पष्ट व्यवस्था गरेको छ ।

जग्गा अधिग्रहण प्रक्रियामा निम्न वमोजिमका २१ चरणहरू सम्पन्न गर्नु पर्ने कानूनी प्रावधान रहेको छ ।

तालिका : ३.१ : जग्गा अधिग्रहण प्रक्रियामा अपनाउनु पर्ने चरणहरू :

| चरण | क्रियाकलाप/काम | जिम्मेवार निकाय | लाग्ने समय | जग्गा प्राप्ति ऐनको दफा |
|---|---|---|---|---|
| १. | अधिग्रहण गर्नु पर्ने जग्गाको क्षेत्रफल यकिन गरी सम्बन्धित मन्त्रालय वा विभागसँग जग्गा अधिग्रहण प्रक्रिया अगि बढाउने अधिकारको लागि अनुरोध गर्ने । | योजना प्रमुख (यो.प्र.) | संभाव्यता अध्ययन/डिजाइन गर्दा यकिन हुने | ३, ४ |
| २. | मन्त्रालय/विभागले योजना प्रमुखलाई जग्गा अधिग्रहणको प्रारम्भिक कार्यवाही शुरूगर्ने अधिकार दिने | मन्त्रालय/ विभाग | १/२ महिना | ५ |
| ३. | प्रारम्भिक कार्यवाहीको सूचना प्रकाशित गर्ने र उक्त सूचना सम्बन्धितको जानकारीका लागि तोकिएका ठाउँहरूमा टाँस गर्ने | योजना प्रमुख (यो.प्र.) | १ महिना | ६(१) |
| ४. | ३ दिनपछि, जग्गाको सर्भेक्षण गरी नाप-नक्सा तयार गर्ने, घरजग्गा, पर्खालको नाप लिने, कटान गर्नु पर्ने रूखको संख्या गणना गर्ने, लगाएको वालीको मूल्याङ्कन गर्ने, घर, रूख र वालीको मुआब्जाको रकम ईष्टिमेट गर्ने । प्रारम्भिक कार्यवाही १५ दिनभित्र सम्पन्न गरी त्यसको सबै कागजात, प्रमाण प्र.जि.अ.समक्ष अग्रिम कार्यवाहीका लागि पेश गर्ने । | योजना प्रमुख (यो.प्र.) | १-२ महिना | ६ (२,३) ७, ८(१) |
| ५. | योजनाबाट प्रभावित व्यक्तिहरू (पि.ए.पि.) ले घर, रूख-विरूवा र बालीको निर्धारण भएको मुआब्जा रकम बारे प्र.जि.अ. कहाँ दावी विरोध गर्न सक्ने | जग्गाधनी | १/२ महिना | ७(३) |
| ६. | प्रारम्भिक कार्यवाही गरेर योजना प्रमुखले पेश गरेको कागजात पुनरावलोकन गरी मुआब्जा र क्षति सम्बन्धमा परेका दाबी विरोधबारे निर्णय गर्ने । यसमा प्र.जि.अ.को निर्णय नै अन्तिम हुन्छ । | प्र.जि.अ. | २ महिना | ९(१) |

| चरण | क्रियाकलाप/काम | जिम्मेवार निकाय | लाग्ने समय | जग्गा प्राप्ति ऐनको दफा |
|---|---|---|---|---|
| ७. | जग्गा अधिग्रहणको सूचना प्रकाशित गर्ने र सो सूचना निम्न स्थानहरूमा पनि टाँस गरी सार्वजनिक गर्ने<br>• योजनाको स्थानीय कार्यालय<br>• जिल्ला प्रशासन कार्यालय<br>• सम्बन्धित गा.वि.स./नगरपालिका कार्यालय<br>• भूमिसुधार, भूमि प्रशासन वा मालपोत कार्यालय<br>• सम्बन्धित जग्गा वरिपरिका सामाजिक संस्थाहरू (Thoroughfare)<br>• प्र.जि.अ.लाई उपयुक्त लागेका अन्य ठाउँहरू<br>सूचनामा जग्गाधनीले सूचना प्रकाशित भएको १५ दिन (न्यूनतम) भित्र जग्गाको स्वामित्वको प्रमाण सहित निवेदन दिनु पर्ने भनेर उल्लेख हुनु पर्छ । अधिग्रहण गरिने जग्गामा रूख, बालीनाली घर, पर्खाल भए त्यस्तो रूख काट्न, वाली काट्न, घर पर्खाल भत्काउन जग्गाधनीलाई केही अवधिको समय दिइन्छ । | प्र.जि.अ. | २-३ महिना | ९ (२) |
| ८. | प्रकाशित सूचनाबाट जानकारी लिन नसक्ने जग्गाधनीहरूलाई सूचना गर्ने । | प्र.जि.अ. | १/२ महिना | ९(३) |
| ९. | जग्गा अधिग्रहणको सूचना प्राप्त भएपछि ती जग्गाहरूको कारोवार (खरिद, विक्री, नामसारी, धितो) रोक्का गर्ने । प्र.जि.अ. ले रोक्का फुकुवा गर्ने निर्देशन नदिएसम्म रोक्का कायमै राख्ने | मालपोत कार्यालय | १/२ महिना | ९(४) |

| चरण | क्रियाकलाप/काम | जिम्मेवार निकाय | लाग्ने समय | जग्गा प्राप्ति ऐनको दफा |
|---|---|---|---|---|
| १०. | क्षतिपूर्ति रकम यकिन गर्नका लागि प्र.जि.अ.ले निम्न लिखित अधिकृतहरू रहेको मुआब्जा निर्धारण समिति गठन गर्ने ।<br>• प्र.जि.अ.<br>• भूमि प्रशासक वा मालपोत कार्यालय प्रमुख<br>• योजनाका सम्बन्धमा योजना प्रमुख र अन्य प्रयोजनका लागि प्र.जि.अ.ले तोकेको अधिकृत<br>• जि.वि.स. को प्रतिनिधि<br>यसरी गठन भएको मुआब्जा निर्धारण समितिले निम्न विषयहरू दृष्टिगत गरी मुआब्जा रकम निर्धारण गर्दछ :<br>• जग्गाको हाल प्रचलित मूल्य<br>• जग्गामा लागेको वाली, रूख, घर, पर्खाल, सेड (टहरा) आदिको मूल्य<br>• घर-बास वा व्यापार व्यवसाय साविक ठाउँबाट अन्यत्र सार्नु परेको खण्डमा त्यसका लागि लाग्ने खर्च | मुआब्जा निर्धारण समिति | २ महिना | १३ (२) |
| ११. | प्र.जि.अ.ले मुआब्जा दिनु पर्ने व्यक्तिहरूको नामावली तयार गरी त्यसको सूचना प्रकाशित गर्ने | प्र.जि.अ. | १/२ महिना | १८(१) |
| १२. | उक्त नामावली चित्त नबुझ्ने व्यक्तिले १५ दिनभित्र गृह मन्त्रालयमा उजुरी दिने | प्र.जि.अ. | १ महिना | १८(२) |
| १३ | योजनाबाट प्रभावित परिवारले आफ्नो जग्गा अधिग्रहण गरिनु हुन्न भनेर कारण समेत उल्लेख गरी १५ दिनभित्र प्र.जि.अ. | जग्गाधनी | १/२ महिना | ११(१) |

| चरण | क्रियाकलाप/काम | जिम्मेवार निकाय | लाग्ने समय | जग्गा प्राप्ति ऐनको दफा |
|---|---|---|---|---|
| | मार्फत गृह मन्त्रालयमा उजुरी दिने | | | |
| १४. | उजुरीका विषयमा निर्णय गर्नुभन्दा अघि गृह मन्त्रालयले प्रारम्भिक कार्यवाही गर्ने अधिकृतसँग सल्लाह गर्ने र आवश्यक परे प्र.जि.अ.सँग पनि सल्लाह लिने । यतिवेला गृह मन्त्रालयले जिल्ला अदालतमा भएको अधिकार प्रयोग गरेर साक्षी प्रमाणका अभिलेख तथा जग्गाको खरिद-विक्रीसँग सम्बन्धित कागजात मगाएर छानबीन गरी निर्णय गर्नुपर्छ । गृह मन्त्रालयले उजुरी बारे भएको निर्णयको जानकारी प्र.जि.अ.लाई दिनुपर्छ । | गृह मन्त्रालय | ३ महिना | ११(२)<br>११(३) |
| १५. | नेपाल सरकारले निम्न प्रक्रिया सम्पन्न (पूरा) गरेपछि कुनै पनि समयमा जग्गा अधिग्रहण गरी आफ्नो स्वामित्वमा लिएर सो जग्गा सम्बन्धित कार्यालयलाई हस्तान्तरण गर्छ :<br>• मुआब्जा निर्धारण समितिले मुआब्जाको अन्तिम निर्णय गरेपछि<br>• उजुरीबारे निर्णय भएपछि<br>• उजुरी गर्ने म्याद सकिएपछि | प्र.जि.अ. | २ महिना | १२ (१०) |
| १६. | प्र.जि.अ.ले वितरण गरिने मुआब्जा रकमबारे सम्बन्धित मन्त्रालय वा विभागलाई जानकारी गराउने | प्र.जि.अ. | १/२ महिना | १९ |
| १७. | जग्गाधनीहरूलाई मुआब्जा वितरण गर्न योजना प्रमुखलाई अधिकार दिने | मन्त्रालय/विभाग | १/२ महिना | १३ (१) |
| १८ | योजना प्रमुखले मालपोत | योजना प्रमुख | २ महिना | १३(२) |

| चरण | क्रियाकलाप/काम | जिम्मेवार निकाय | लाग्ने समय | जग्गा प्राप्ति ऐनको दफा |
|---|---|---|---|---|
| | अधिकृत, प्र.जि.अ. र जि.वि.स.को अधिकृत प्रतिनिधिको उपस्थितिमा (अगाडि) जग्गाधनीलाई मुआब्जा भुक्तानी गर्ने | | | |
| १९. | जग्गाधनीले ३ महिनाभित्र मुआब्जा रकम बुझिसक्नु पर्छ, त्यसपछि उ कुनै किसिमको मुआब्जाको हकदार हुने छैन | जग्गाधनी | ३ महिना | ३७ |
| २०. | प्र.जि.अ.ले अधिग्रहण भएको जग्गा आफ्नो स्वामित्वमा लिएर सम्बन्धित मन्त्रालय वा विभागलाई हस्तान्तरण गरी सोको जानकारी नेपाल सरकारलाई दिने | प्र.जि.अ. | २ महिना | २२ |
| २१. | योजना प्रमुखले जग्गाको लालपुर्जा (स्वामित्व प्रमाण) लिएर त्यसको प्रतिलिपि सम्बन्धित मन्त्रालय, विभाग र योजना अन्तर्गतका कार्यालयहरूमा पठाउने | योजना प्रमुख | १ महिना | |

*स्रोत : सार्वजनिक निर्माण निर्देशिका, २००२*

३.४.६ भूमिसुधार ऐन २०२१ ।

भूमि सुधार ऐन २०२१ ले एक व्यक्तिले अधिकतम कतिसम्म (क्षेत्रफल) जग्गा राख्न पाउने बारे हदबन्दी तोकि दिएकोले निर्माण कामका लागि जग्गा अधिग्रहण गर्दा यो ऐन पनि आकर्षित हुन्छ किनकि अधिग्रहण गरिने जग्गाको जग्गाधनीको नाममा हदबन्दीभन्दा बढी जग्गा रहेको खण्डमा भूमिसुधार नियमावली अनुसार त्यस्तो जग्गाको मुआब्जा दिनुपर्दैन ।

भूमि सुधार ऐनले जग्गाधनीले जग्गा विक्री गर्दा वा विकास कामका लागि अधिग्रहण हुँदा त्यस्ता जग्गामा मोही लागेको भए सो जग्गा कमाउने मोहीको रूपमा दर्ता भएको मोहीले पनि मुआब्जा पाउने भनेर स्पष्ट व्यवस्था गरेको छ । उक्त ऐनको नयाँ संशोधन २०५८ मा भएको छ र त्यसमा भएको प्रावधान (नियम) अनुसार यदि राज्यले मोही लागि रहेको जग्गा अधिग्रहण गरेमा सो वापतको कुल मुआब्जा रकम मोही र जग्गाधनी दुवैमा ५०/५० प्रतिशत बाँडिन्छ ।

३.४.७ स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली (नियम Rule) १९९९ ।

स्थानीय स्वायत्त शासन ऐन स्थानीय निकायलाई राजनैतिक, प्रशासनिक र आर्थिक विषयमा स्वायत्तता दिई स्थानीय तहमा सामुदायिक सहभागितालाई बढाउनका लागि जारी भएको हो । ऐनको प्रावधान अनुसार स्थानीय निकायहरू तीन तहमा निर्माण भएका छन् : गाउँ स्तरमा गाउँ विकास समिति (गा.वि.स.), नगर स्तरमा नगरपालिका र जिल्लास्तरमा जिल्ला विकास समिति (जि.वि.स.) । उक्त ऐनले ती तीनवटै स्थानीय निकायहरूलाई आफ्नो कार्य क्षेत्रभित्रको आवधिक र बार्षिक योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने अधिकार दिएको छ ।

३.४.८ मालपोत ऐन २०३४ ।

योजनाको लागि जग्गा अधिग्रहण भएपछि जग्गाको स्वामित्व परिवर्तन हुन्छ । ऐनको दफा ८ मा दर्ता, स्वामित्व परिवर्तन, स्वामित्वको समाप्ति र जग्गाको अभिलेख अद्यावधिक गर्ने काम स्थानीय मालपोत कार्यालयले गर्नुपर्ने भनेर उल्लेख भएको छ । त्यसै गरी ऐनको दफा १६ ले यदि कुनै जग्गाधनीले लामो समयसम्म मालपोत न तिरेमा त्यस्तो जग्गाको केही भाग लिलाम गरेर मालपोत उठाउने व्यवस्था गरेको छ । सबै अवस्थामा जग्गा अधिग्रहणको सिलसिलामा हुने स्वामित्व हस्तान्तरण र मुआब्जा भुक्तानीका कामहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यसै ऐनद्वारा निर्देशित हुन्छन् ।

३.४.९ बाल-बालिका ऐन २०४८ र बालश्रम ऐन २०५६ ।

बाल-बालिका सम्बन्धी ऐन २०४८ र बालश्रम ऐन २०५६ (निवारण र नियमन) नेपालमा प्रयोग गरिने बालश्रमसम्बन्धी प्रमुख ऐनहरू हुन् । यी ऐनहरूको दफा २(क) ले १६ बर्षभन्दा कम उमेरका व्यक्तिलाई "बालक" भनेर परिभाषित गरेको छ । बालश्रम ऐन (निवारण तथा नियमन) ज्यादै नया र क्रान्तिकारी कदम हो जसबाट नेपालमा बालश्रमसम्बन्धी समस्या सुल्झाउन मद्दत हुन्छ । उक्त ऐनको दफा ३ को उपदफा १ मा १४ बर्षमुनिका बालकलाई मजदुर (श्रमिक) का रूपमा भर्ना गुर्न हुन्न भनेर स्पष्ट उल्लेख भएको छ । तर दफा ३ ले १६ बर्ष मुनिकालाई सार्वजनिक यातायात र निर्माणसम्बन्धी काम जस्ता बढी जोखिम हुने क्षेत्रका काममा लगाउन बन्देज लगाएको छ । अर्को अर्थमा भन्ने हो भने सामरिक सडक अन्तर्गतका योजनाहरूमा ठेक्का व्यवस्था गरी गरिने निर्माण काममा १६ बर्षभन्दा कम उमेरकालाई निर्माण काममा संलग्न गराउन मिल्दैन । १४ देखि १६ बर्षभित्रका बालकलाई सडक छेउछाउको वृक्षारोपण र नाली सफा गर्ने जस्ता हलुका र जोखिम कम भएका काममा लगाउन सकिन्छ ।

३.५ नेपाल सरकारको दशौं पञ्चबर्षीय योजना २०५९-२०६४ ।

दशौं योजनामा राष्ट्रिय प्राथमिकता, विद्यमान समस्या र विकासका संभावनाहरू कृषि विकास, प्राकृतिक स्रोत र जैविक विविधताको दिगो र भरपर्दो व्यवस्थापन जस्ता विषयहरू समावेश भएका छन् । ती मध्ये सामरिक सडक संजाल अन्तर्गत संचालन

हुने योजनाहरूमा कुनै न कुनै रूपले सम्बन्धित हुने विषयहरू निम्न वमोजिम छलफल गरिएका छन् :

दशौं योजनाले वातावरण व्यवस्थापन क्षेत्रका लागि मुख्य रूपले निम्न वमोजिमका नीति र कार्य नीति अपनाएको छ :

- देशभित्र बिग्रँदो अवस्थाका प्राकृतिक स्रोतहरू, जैविक विविधता र सांस्कृतिक सम्पदालाई सुधार गरी साबिककै अवस्थामा ल्याउने कार्यक्रमहरू अगि बढाइने छन् । विशेष गरी जैविक विविधता, भौगर्भिक स्रोतहरू र सांस्कृतिक सम्पदा संरक्षण गर्ने कामलाई प्राथमिकता दिइने छ ।
- वातावरण विनाश र गरिबी बीचको अन्तरसम्बन्ध दृष्टिगत गरी १९९२ मा रियो डी जेनिरोमा भएको "पृथ्वी सम्मेलन" (Earth Summit) मा अङ्गीकार गरिएको दिगो विकासको सिद्धान्तअनुरूप सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा विकास गर्न जोड दिइएको छ । पूर्वाधार विकास, प्राकृतिक स्रोतको प्रयोग र आर्थिक बृद्धिका लागि जैविक विविधताको प्रयोग गर्दा वातावरण संरक्षण र प्रदूषण नियन्त्रणका क्रियाकलाप संचालन गर्न विशेष जोड दिइएको छ । यसै गरी वातावरण स्वास्थ्य, वातावरण शिक्षा र वातावरणीय स्रोतहरूको संरक्षण, पुनस्थापना र उपयुक्त तरिकाले तिनीहरूको प्रयोग तर्फ लक्षित गरी विभिन्न कार्यक्रमहरू शुरू गरिनेछन् ।
- स्थानीय निकायहरूको वातावरण संरक्षणमा संलग्नता बढाउनका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुरूप उनीहरूलाई स्थानीय तवरमा उपलब्ध प्राकृतिक स्रोतको व्यवस्थापन गर्न जिम्मेवार बनाइने छ र यस विषयमा उनीहरूको क्षमता अभिबृद्धि पनि गरिने छ ।
- वातावरण सुरक्षा र संरक्षण (Conservation) विषयमा दूरगामी दृष्टिकोण राखी त्यसलाई सामाजिक आर्थिक विकासको कार्यक्रमहरूसँगै मूलधारमा ल्याइनेछ ।
- विकास योजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रभावकारी बनाइने छ । वातावरणीय प्रभाव मूल्याङ्कन गरिएका योजनाहरूको अनुगमन तथा मूल्याङ्कन गरिने छ । त्यस वाहेक स-साना क्रियाकलाप संचालन गर्दा पनि वातावरणीय विषयमा सतर्कता अपनाउने व्यवस्था गरिनेछ ।
- सबै आकार (Size) का योजना संचालन गर्दा वातावरण सम्बन्धमा अन्तरराष्ट्रिय महासन्धिले स्वीकृत गरेका प्रावधानहरू अबलम्बन गरिनेछन् ।
- हावा, पानी, ध्वनि र जमिनको प्रदूषणको मापदण्ड निर्धारण गरी ती मापदण्डभित्रै रहने गरी कार्यक्रम संचालन गरिने छन् र प्रभावकारी पद्धतिबाट अनुगमन तथा मूल्याङ्कन गरिने छन् ।
- राष्ट्रियस्तरमा एजेण्डा २१ कार्यान्वयन गर्न आवश्यक नीति र कार्यक्रमहरू क्रमश: तयार गरिनेछन् र दिगो विकासका सूचकहरू पहिचान गरी तिनलाई मिल्दो जुल्दो हिसाबले कार्यक्रममा आबद्ध गरिनेछ ।

- योजनाले चुरे पहाडी क्षेत्र र वातावरणीय दृष्टिकोणले संवेदनशील (Valueable) यसै किसिमका अन्य क्षेत्रमा एकीकृत व्यवस्थापन प्रणाली (Approach) लगाई कार्यक्रम संचालन गर्ने प्रावधान राखेको छ ।
- वातावरण संरक्षणमा सहयोगी हुने परंपरागत व्यवहार (संस्कार) र प्रविधिको अभिलेख तयार गर्न र (तिनीहरूको) संरक्षण गर्न जोड दिइने छ । यसका साथै वातावरणसम्बन्धी तथ्याङ्क बैंक (Data Bank) स्थापना गरी त्यसलाई सुदृढ गरिने छ ।
- हिमाली र उच्च पहाडी भेगमा सडक निर्माण गर्दा त्यहाँका लागि उपयुक्त हुने प्रविधि बारे अनुसन्धान गरिने छ । यस सिलसिलामा वातावरण र लागत पक्षलाई विशेष ध्यान दिइने छ र त्यसै हिसाबले कार्यक्रम शुरू गरिने छ । यसै गरी अन्य ठाउँमा सडक निर्माण गर्दा हाल भैरहेको उच्च लागत घटाउन पनि उपयुक्त किसिमले अनुसन्धान गरिने छ ।
- ग्रामीण सडक र कृषि सडक निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यान (Consider) दिइने छ । साथै यस्ता सडक निर्माणमा रोजगारीको अवसर बढाउनका लागि उपयुक्त किसिमको श्रममूलक प्रविधि अपनाइनेछ ।
- दशौं र एघारौं योजनाको अवधिलाई दीर्घकालीन कृषि योजना (APP) को कार्यान्वयन सफल पार्ने उद्देश्यले "कृषि दशक" भनेर नाम दिइएको छ । कृषि र प्राकृतिक स्रोत व्यवस्थापन एक आपसका परिपूरक भएका र तिनको बीचको सम्बन्ध पनि ज्यादै बलियो भएको विषयलाई दृष्टिगत गरी प्राकृतिक स्रोत व्यवस्थापन र जैविक विविधतालाई कृषिसँग आवद्ध गर्न जरूरी छ ।

३.६ सडक विभागबाट तयार भएका यस विषयसँग सम्बन्धित क्षेत्रगत नीति तथा निर्देशिकाहरू ।

३.६.१ नेपालका सडक क्षेत्रको वातावरणीय मूल्याङ्कन : नीतिगत दस्तावेज जि.इ.यू./स.वि. जनवरी २००० ।

यस दस्तावेजको उद्देश्य खास गरेर सडक विभागका इञ्जिनियरहरूलाई सडक निर्माण र मर्मत गर्दा के कस्ता वातावरणीय मूल्याङ्कन प्रकियाहरू अवलम्बन गरिन्छन् भनेर जानकारी गराउनु र वातावरणीय मूल्याङ्कनको एउटा अत्याधुनिक (Straight forward) प्रकिया प्रस्ताव गरी त्यसलाई व्यवहारिक (Workable) बनाएर त्यसको उपयोग गर्नु हो । उक्त दस्तावेजमा योजनाका विभिन्न चरणका वातावरण मूल्याङ्कनका आधारका रूपमा मान्यता पाएका छानवीन, आइ.इ.इ, क्षेत्रनिर्धारण (स्कोपिङ), इ.आइ.ए. र अनुगमन यी पाँच किसिमका क्रियाकलापहरूलाई सूचीबद्ध गरिएको छ । उक्त दस्तावेजमा वातावरणका प्रतिकूल असरको किसिम, वातावरणीय समस्या र तिनीहरूलाई रोकथाम गर्ने सामान्य उपायहरूको पनि सूची समावेश भएको छ । त्यसपछि उक्त दस्तावेजले वातावरण मूल्याङ्कन गर्दा अपनाउनु पर्ने विभिन्न चरणबारे निर्देशित गर्दछ । साथै उक्त दस्तावेजमा वातावरण अनुगमन गर्ने विषयगत रूजुसूची (Check List) पनि समावेश भएको छ ।

३.६.२ वातावरण व्यवस्थापन निर्देशिका, जी.इ.ए.स.यु./स.वि. जुलाई १९९७।

सडक विभागको भू-वातावरण तथा सामाजिक इकाइले तयार गरेको यस निर्देशिकाले सडक योजनाको ठेक्का सम्बन्धी कागजात तयारी, सर्भेक्षण, डिजाइन, निर्माण, मर्मत संभार, पुनस्थापना र संचालनका काममा वातावरणीय रोकथामका उपायहरू समावेश गर्नु पर्ने उल्लेख गरेको छ । उक्त निर्देशिका नेपाल सरकार र विश्व बैंकले संयुक्त रूपमा संचालन गरेको सडक मर्मत तथा विकास योजना (आर.एम.डि.पि.) अन्तर्गतको कार्यक्रमबाट तयार गरिएको हो । उक्त निर्देशिका २०५३ कार्तिक २२ गते विभागीय मन्त्रीबाट स्वीकृत भएको हो ।

यो निर्देशिका सडक विभाग अर्न्तगत सडक निर्माण, मर्मत पुनस्थापनासम्बन्धी योजनाहरूको कार्यप्रक्रियाको एउटा अङ्ग हो । यसमा वातावरणीय रोकथामका उपायहरूलाई निम्न अनुसार वाह्र प्रकारमा विभाजन गरेको छ : (१) क्वारी (२) बरो पीट (३) Spoil र निर्माण Waste (फोहर) निष्कासन (४) Work Camp को अवस्थिति र संचालन (५) श्रमिक शिविर (Camp) को अवस्थिति र संचालन (६) माटोको काम/स्लोप स्थिर बनाउने (७) बिटुमिनको प्रयोग (८) निर्माण सामग्री थुपार्ने (९) विस्फोटक पदार्थ, प्रज्वलनशील तथा विषालु पदार्थको व्यवस्थापन (१०) क्रसिङ मेशीन (ढुङ्गा) को स्थापना र संचालन (११) जल व्यवस्थापन (१२) वायु तथा ध्वनि प्रदूषण । निर्देशिकाले वातावरणीय विश्लेषणमा आम जनतालाई कुन बेला र कसरी समावेश गराउने भनेर पनि सुझाव दिएको छ ।

सडक विभाग अन्तर्गतका योजनामा समावेश गर्नु पर्ने रोकथामका उपायहरूको विस्तृत सूची समावेश गर्नुका साथै निर्देशिकामा जनसहभागिता र ध्यान दिनु पर्ने अन्य सामाजिक आर्थिक सुरक्षाका विषयहरू पनि विस्तारमा उल्लेख गरिएका छन् । यसले सामाजिक आर्थिक प्रभाव मूल्याङ्कन गर्नका लागि सुझाव दिनुका साथै महत्वपूर्ण (Potential) किसिमका वातावरणका प्रतिकूल असर कम गर्न वा निर्मूल गर्न र स्थानीय बासिन्दालाई लाभ पुऱ्याउन सकारात्मक असरलाई सकेसम्म बढाउनका लागि अपनाउनुपर्ने रणनीतिबारे पनि सुझाव दिएको छ । सामाजिक आर्थिक प्रभाव असर अन्तर्गत जग्गा अधिग्रहण र मुआब्जा वितरणका जल्दा बल्दा समस्याहरू र कृषि उत्पादनका लागि बजार उपलब्धि, कृषि सामग्री, पोषण, सोधभर्ना हुन नसक्ने गरी गरिने प्राकृतिक स्रोत निष्काशन, बसाईसराई र बसाईसर्नेहरू आगमन पमिाण, जग्गा जमिन खण्डीकरण (Speculation), गैर कानूनी रूपमा गरिने गोलिया काठको व्यापार (Logging) र खनिज उत्खनन, भरियाद्वारा ढुवानी आदि सँग सम्बन्धित आर्थिक असरका विषयहरू पर्दछन् । यस अन्तर्गत सांस्कृतिक सम्पदामा पर्ने प्रभाव असर सम्बोधन (Handle) गर्ने विषय पनि पर्दछ ।

३.६.३ एकीकृत सडक विकासका लागि वातावरण तथा सामाजिक पक्षको सहायक कार्यविधि, भौ.यो.त.नि.मं./स.वि. २००३ ।

यो कार्यविधि सडक निर्माणको अभ्यासमा आम जनसमुदायलाई संलग्न गराउने लगायत सामाजिक तथा वातावरणीय विषयलाई सडक निर्माणको प्राविधिक पक्षसंग

आवद्ध गर्न सहयोग पुऱ्याउने उद्देश्यले निर्माण गरिएको हो । यसले प्राविधिक, आर्थिक र अन्य विषयमा सुझाव दिनुका साथै वातावरण तथा सामाजिक विषयलाई सम्बोधन गर्ने प्रक्रियाहरू चरणबद्ध रूपमा सिफारिस गरेको छ । यो कार्यविधि सुझावमुखी हो बाध्यात्मक होइन । यसले विकास निर्माणका योजनाकारहरूलाई नियम कानूनका बाध्यात्मक प्रावधानहरू अवलम्बन गर्न र जनसहभागिता बढाउन सहयोग पुगोस् भनेर वातावरण तथा सामाजिक विषयका विभिन्न पद्धतिहरू (Approaches), कार्यक्रम र कार्यनीतिको सिफारिस पनि गरेको छ । यो कार्यविधि नेपाल कै अनुभवको आधारमा तयार गरिएको हो र यसमा राष्ट्रिय (वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली २०५४/५५) र अन्तर राष्ट्रियस्तरका सफल (Best) अभ्यासहरू पनि समावेश भएका छन् । वातावरण संरक्षण ऐन २०५३, नियमावली २०५४/५५ साथै यसले वातावरण तथा सामाजिक मूल्याङ्कन प्रक्रियाको सिलसिला, योजना संचालनका विभिन्न चरणमा सरोकारवालाको दायित्व र उनीहरूले निर्वाह गर्ने भूमिका, असर रोकथाम गर्नका लागि कार्य योजनाको सुझाव र आम जनसमुदायलाई संलग्न गराउने प्रक्रियाहरू सिफारिस गरेको छ ।

३.६.४ राष्ट्रिय यातायात नीति २००१ ।

यस नीतिले अन्य विषयका अतिरिक्त जग्गा अधिग्रहणको पूरा प्रक्रियाको विस्तारमा उल्लेख गरेको छ । जस अनुसार सडक योजनामा जग्गा अधिग्रहण गरी जग्गाको स्वामित्व योजनामा हस्तान्तरण गर्ने प्रक्रिया निर्माण कार्य शुरू हुनु भन्दा पहिले नै सम्पन्न हुनुपर्छ । त्यसै गरी जग्गा अधिग्रहण गर्दा कुनै परिवार पूर्ण रूपले विस्थापित हुने भए त्यस्ता परिवारलाई पुनस्थापना गरेर अथवा अन्य उपायद्वारा जीविकोपार्जन/जीवनयापनको व्यवस्था गरिदिनु पर्छ ।

३.६.५ भूमि पूर्वाधार विकास नीति २००४ ।

यस नीतिमा राष्ट्रिय विकासमा दीर्घकालीन असर पार्ने यातायात क्षेत्रका ठूला आयोजनालाई आवश्यक पर्ने जग्गा योजना शुरू हुनुभन्दा अगाडी नै अधिग्रहण गर्नु पर्ने प्रावधान रहेको छ ।

३.६.६ सार्वजनिक पूर्वाधार निर्माण र संचालन नीति २००० ।

यस नीतिमा नेपाल सरकारले आवश्यक पर्ने जग्गा प्रचलित ऐन-नियमका आधारमा अधिग्रहण गरी लगानीकर्तालाई दिनसक्ने तर यसरी अधिग्रहण गरेको जग्गाको मूल्य लगानीकर्ताले नै व्यहोर्नु पर्ने भनेर उल्लेख भएको छ ।

३.७ जोखिमयुक्त (Vulnerable) समुदायलाई सहयोग गर्ने नेपाल सरकारको नीति

सामरिक सडक संजाल अन्तर्गतका नयाँ निर्माण हुने वा स्तरोन्नति गरिने सडक योजना संचालन हुने सबै क्षेत्रमा गरिबी र जोखिममा परेका समुदायको वाहुल्य देखिएको छ । त्यसैले सबै किसिमका योजना डिजाइन गर्दा विद्यमान नीति र सफल अभ्यास (Good Practices) का आधारमा यस्ता वर्गको जीवनस्तर उकास्ने विषयका

कार्यनीति समावेश गर्न पर्याप्त ध्यान दिनुपर्छ । नेपालमा आदिवासी जनता सम्बन्धमा नीति बनिसकेको छैन, तर पनि दशौं योजनाले उपेक्षित तथा आदिवासी जनता, दलित[४], महिला, अपाङ्ग र आदिवासी जनजाति (Integenous जनता) समेतका जोखिमयुक्त (Vuluerable) वर्गलाई आधारभूत सेवा दिने विषयमा विशेष जोड दिएको छ । दशौं योजनाको एउटा मुख्य केन्द्रित विषय (Thrust) भनेको दलित, आदिवासी जनजाति र अपाङ्गहरूको उत्थान, रोजगारी र आधारभूत सुरक्षाका लागि लक्षित गरिएको कार्यक्रमहरू कार्यान्वयन गर्नु हो । दशौं योजनाको नीतिमा भएको प्रावधानमा उल्लेख भएको छ कि सरकारले जोखिमयुक्त वर्गका लागि बलियो (Strong) र वेग्लै प्याकेज परीक्षण (Pilot) कार्यक्रमका रूपमा ल्याउनु पर्छ ।

दलितहरूको हक अधिकारको सुरक्षा र उनीहरूलाई विकास कार्यक्रमहरूको मूलधारमा ल्याउने उद्देश्यले नवौं योजनामा नै राष्ट्रिय दलित आयोग (थिचोमिचोमा परेका वर्गको आयोग) गठन भएको छ । आयोगसँग सम्बन्धित ऐन र नियमावलीहरू बनिसकेका छन् र सम्बन्धित संगठन स्थापना गर्नका लागि संगठन संरचनासम्बन्धी काम पनि भैसकेको छ ।

दशौं योजना गरिवहरूलाई विशेष केन्द्रित गरी गरिबी न्यूनीकरणका कार्यक्रमहरू सबैजसो विकास योजनामा समावेश गर्न मार्ग निर्देशन गर्ने नेपाल सरकारको नीतिगत दस्तावेज हो । दशौं योजनाको लक्षित कार्यक्रम भनेको गरिबी निवारण रणनीतिका आधारस्तम्भका रूपमा लिइएका चार विषयहरू मध्येको एउटा विषय हो जसका आधारमा दशौं योजना निर्माण भएको छ र त्यस अन्तर्गतका कार्यक्रमहरू कार्यान्वयन भैरहेका छन् । गरिबी न्यूनीकरणका सन्दर्भका कार्यक्रमहरूको लक्ष्य भनेको विकासको मूलप्रवाहमा समावेश हुन नसकेका वा पछि परेका समुदाय र क्षेत्रको क्षमताअभिबृद्धि गर्नु हो । यसरी सशक्तीकरणका लागि निर्धारित (लक्षित) गरिएका कार्यक्रमहरू जोखिममा परेका समूह, सुविधाबाट वंचित समूह र उत्पीडित समूह र त्यसमा पनि दलित र अनुसूचित (तल्लो जात) वर्गको सुविधा बढाउनका लागि अगि बढाइने (Promote) भनेर दशौं योजनामा उल्लेख भएको छ ।

लक्षित कार्यक्रमको उद्देश्य सीमान्तकृत, उत्पीडित, बंचित, सुविधाविहीन, वर्गका व्यक्तिहरू र दुर्गम र एक अर्कासंग अलगिएका (Isolated) क्षेत्रको उत्पादनक्षमता बढाउनु हो । उक्त लक्षित कार्यक्रमबाट निम्न अनुसारको परिणाम अपेक्षा गरिएको छ : (१) दलित, आदिवासी जनजाति र स्थानीय तहका अन्य किसिमका वंचित

[४] दलित भनेको देशको कुनै पनि भागमा वसोवास गर्ने परम्परागत रूपमा नै ज्यादै गरिव र जोखिमयुक्त समूह हो, ती मध्ये ज्यादै कम मात्र शिक्षित र आर्थिक रूपले Better (केही राम्रो अवस्थाका (मा) छन् । परम्परागत रूपमा गरिवको परिभाषा गर्दा दलितहरूमा गरिवी व्याप्त छ भन्ने धारणा राखेर दलित जति सबैलाई यसै वर्ग अर्थात गरिवकौ वर्गमा राख्ने प्रचलन छ । जनसंख्याको तथ्याङ्क (केन्द्रिय तथ्याङ्क विभाग २००२) का आधारमा देशभित्र १० भन्दा बढी विभिन्न जातजातिका ३१ लाख दलितको जनसंख्या रहेको राष्ट्रिय योजना आयोगले अनुमान गरेको छ । पहाडी क्षेत्रका दलितहरूमा मुख्य रूपले दमाई, कामी, गाइने, पोडे, कुसले, कसाई, आदि पर्छन भने तराईका दलितहरूका तेली, दुसाध, चमार, मुसहर र अन्य जात पर्दछन् ।

समुदायको जीविकोपार्जन सुधार्ने (२) यस्ता वर्गलाई विकासकाममा लागेर आत्मनिर्भर हुन सक्ने गरी सशक्तीकरण गर्ने ।

दशौं योजनाले गरिबी व्याप्त क्षेत्र वा गरिब क्षेत्रको पनि स्पष्ट परिभाषा गरेको छ, जस अनुसार ५० प्रतिशतभन्दा बढी जनसंख्या गरिव भएको र त्यहाँ बसोबास गर्ने परिवारको आफ्नै घरेलु उत्पादन वाहेक अन्य थप आयस्रोत नभएको र यस्तो उत्पादनले बर्षमा ९ महिनाभन्दा बढी गुजारा गर्न नपुग्ने परिवार रहेको क्षेत्रलाई "गरिब क्षेत्र" भनेर परिभाषित गरेको छ । त्यसै गरेर परिवाको आम्दानीले बर्षमा तीन महिनाभन्दा बढी गुजारा नचल्ने भएकोले जीविकोपार्जनका लागि बाहिरी सहयोग आवश्यक पर्नेलाई (अति) विपन्न (Ultra Poor) भनेर पनि परिभाषित गरेको छ यस्ता परिवारलाई कार्यक्रमले सहयोग गरी उनीहरूको जीवन निर्वाहको व्यवस्था गरिदिने लक्ष्य लिएको छ । दशौं योजनाले विशेष जोड दिएर गरिबी निवारणका कार्यक्रमहरू बनाएको छ । जस्तै :

- स्थानीय तहका भौतिक पूर्वाधार निर्माण तथा स्थानीय विकास कार्यक्रम दशौं योजनाबाट निर्धारित कार्यक्रममध्येको एउटा कार्यक्रम स्थानीय तहका भौतिक पूर्वाधार निर्माण हो । खानेपानी, लघु सिंचाई (साना सिंचाई), गोरेटो, घोडेटो, विद्यालय र स्वास्थ्य चौकी जस्ता भौतिक पूर्वाधारको निर्माण यस कार्यक्रम अन्तर्गत पर्दछ ।
- रोजगारी सिर्जनाको अवसर बढाउने कार्यक्रम : योजना अन्तर्गत गरिब तथा जोखिममा परेका (जोखिमयुक्त) वर्गलाई लक्षित गरी रोजगारी सिर्जना गर्न सहयोगी हुने किसिमका विभिन्न कार्यक्रम संचालन गर्ने कामलाई बढाउन पनि जोड दिएको छ । यस्तो पनि स्पष्ट देखिएको छ कि दलित वर्गका कामी, दमाई, सार्की जस्ताले आफ्नो परम्परागत पेशा अन्तर्गतको काम (उत्पादन) को बजार बिस्तारै गुमाई रहेका छन् । आयातित सस्ता सामानहरूले शहरी र ग्रामीण दुवै क्षेत्रका बजारमा स्थानीय तवरमा उत्पादित वस्तुहरूको मागलाई ठूलो परिमाणमा विस्थापित (घटाई दिएका) गरेका छन् ।

यस्तो समस्या समाधान गर्न कुनै वर्गविशेषमा लक्षित गरी विभिन्न किसिमका सीप विकास सम्बन्धी तालिम तर्जुमा गरी कार्यान्वयन गर्नु जरूरी छ ।

रणनीति : दशौं योजनामा उल्लेख भए अनुसार लक्षित कार्यक्रमद्वारा दलित र उपेक्षित वर्गसँग सम्बन्धित विभिन्न किसिमका मानव विकास सूचकाङ्क (Index) संशोधन गर्ने कार्यक्रमहरू लक्षित कार्य योजनाको माध्यमबाट संचालन गर्नु जरूरी छ किनकि यस्ता वर्गहरू सामान्यतया विकासका मूलधारबाट अलग राखिएका (Isolated) छन् । त्यसैले दलित र उपेक्षितको समावेशीकरण र अधिकाधिक प्रतिनिधित्वका लागि दशौं योजनाले निम्न वमोजिमका चार मुख्य रणनीतिको रूपरेखा तयार गरेको छ ।

- उत्पीडित (Oppressed), शोषित र उपेक्षित समुदायको पहिचान गरी उक्त समुदाय/वर्गको सामाजिक र आर्थिक विकास गरी उनीहरूलाई गरिएको सामाजिक भेदभाव विभेद निर्मूल गरिने छ ।
- सामाजिक तथा आर्थिक अधिकार दिएर (Empowerment) उनीहरूको ज्ञान, सीप र बौद्धिक क्षमतालाई विकास प्रक्रियाका मूलधारमा ल्याइने छ र उनीहरूले राष्ट्रियतवरमा गर्न सक्ने योगदानको मूल्याङ्कन गरी त्यसलाई व्यवहारमा लगाउन प्रोत्साहित गरिने छ ।
- तल्लो वर्ग र उत्पीडित वर्गको परम्परागत पेशालाई आधुनिकीकरण गरी उनीहरूद्वारा उत्पादित वस्तुलाई बजार प्रतिस्पर्धी बनाइने छ । यस्ता उत्पादनको बजार व्यवस्थाका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- दलित तथा सामाजिक रूपले उत्पीडित वर्गको सामाजिक मर्यादा बढाउन कार्यक्रम संचालन गरिनेछ ।

दशौं योजनामा निर्धारित रणनीति अनुरूप दलित तथा उपेक्षित वर्गको सामाजिक र आर्थिक स्थिति सुधार गर्न उनीहरूका लागि तर्जुमा गरिने कार्यक्रमहरू तालिका ३५ मा प्रस्तुत गरिएका छन् :

तालिका ३.२ : दशौं योजनामा निर्धारित दलित सहयोग कार्यक्रम

| क्षेत्र | कार्यक्रमको विवरण |
|---|---|
| सामाजिक कार्यक्रम | गैर दलित (माथिल्लो जाति) मा हाल विद्यमान धार्मिक र सामाजिक संकीर्णता निरूत्साहित गर्न कार्यक्रमहरू संचालन गरिने; दलित र महिलाको क्षमता अभिबृद्धिका सार्थ उनीहरूमा नेतृत्वक्षमताको पनि विकास गर्ने । |
| शैक्षिक कार्यक्रम | दलित बालबालिकालाई माध्यमिक तहसम्म निशुल्क शिक्षा; उच्च शिक्षा र खास गरेर प्राविधिक तथा व्यवसायिक शिक्षामा प्रवेश सुगम गराउने; दलित महिलालाई शिक्षक पदमा नियुक्त गर्ने, दलितलाई दिइदै आएको छात्रवृत्तिको किसिम (Type) र रकम बढाउने; दलित विद्यार्थीअभिमुखी पाठ्यक्रम विकास गर्ने; दलितका लागि बेग्लै शैक्षिक कार्यक्रम |
| स्वास्थ्यसम्बन्धी कार्यक्रम | स्वास्थ्य, खाद्यपदार्थ तथा सरसफाईमा दलितहरूको जानकारी बढाउने; प्राथमिक स्वास्थ्यमा उनीहरूको पहुँच बढाउने; सुरक्षित खानेपानी उपलब्ध गराउने, दलितहरूमा आधारभूत तथा प्राथमिक उपचार सेवा शिशु र बालमृत्यु दर घटाउने कार्यक्रम र परिवार नियोजनको कार्यक्रम, महिला कामदार नियुक्त गर्दा संभव भएसम्म दलित महिला नियुक्त गर्ने । |
| आर्थिक कार्यक्रम | घरजग्गा नभएकालाई जग्गा वितरण गर्दा दलितलाई प्राथमिकता दिने, वैदेशिक रोजगारीका अवसरमा (जस्तै सडक निर्माण) प्राथमिकता दिने, तालिम दिएर परम्परागत ज्ञान र सीपलाई आधुनिकीकरण गर्ने, व्यवसायिक उद्यम (Enterprise) चलाउनका लागि ऋण सुविधा उपलब्ध गराउने आदि । |

## ख) दातृनिकायहरू :

३.८ विश्व बैंकका यस विषयका (Relevant) नीति र निर्देशिकाहरू ।
वातावरणीय रणनीतिका सन्दर्भमा विश्व बैंकले अन्तर सम्बन्धित निम्न तीन उद्देश्यमा जोड दिएको छ :

१) जीवनस्तर सुधार गर्ने
२) विकासका सम्भावनाहरू बढाउने र विकासको गुणस्तर सुधार गर्ने
३) क्षेत्रीय र भूमण्डलीय वातावरणका साझा (Commons) तत्वहरूको गुणस्तरको सुरक्षा (संरक्षण)

सुरक्षानीति सन्दर्भमा विश्व बैंकको योजना संचालन, बैंकको मुख्य उद्देश्य र लक्ष्य, त्यसलाई अगि बढाउन सहयोग गर्ने संयन्त्र, र बैंकबाट लगानी गर्दा आवश्यक पर्ने विशेष व्यवस्था समेत दृष्टिगत गरी समग्र नीति तथा प्रक्रियाबाट निर्देशित हुन्छ । निर्देशिकाको मूल धारणा भनेको संचालन नीति नै हो जुन संक्षिप्त हुन्छ र बैंकको सम्झौताको दफा, सामान्य शर्त र योजनाकै लागि बैंकको बोर्ड (समिति) ले विशेष रूपले स्वीकृत गरेको नीतिहरूमा उल्लिखित दफाहरूबाट उद्घृत गरिएको हुन्छ । संचालन नीतिको समग्र संग्रह (Set) भित्र बैंकले जम्मा दशवटा मुख्य नीतिहरू निर्धारण गरेको छ जुन नीतिहरू वातावरण तथा सामाजिक क्षेत्रका महत्वपूर्ण प्रतिकूल असर पत्ता लगाउन र तिनको न्यूनीकरण र रोकथाम गर्नका लागि ज्यादै सहयोगी हुन्छन् । यी दश नीतिलाई “वातावरण तथा सामाजिक सुरक्षा नीति” भनिन्छ र योजनाको तयारी र स्वीकृतिका प्रक्रियामा यी नीतिहरूमा विशेष ध्यान दिइन्छ । यी कार्यान्वयन नीतिहरू संक्षिप्त अभिव्यक्ति (Statement) हुन् र यी अभिव्यक्ति (Statement) बैंकको सम्झौताका दफाहरू, सामान्य शर्त र बैंकको बोर्डले स्वीकृत गरेको नीति अन्तर्गतका उद्धरणबाट लिएर तयार गरिएका हुन्छन् । बैंकको सुरक्षा (Safeguard) नीति वातावरण तथा सामाजिक विषयहरूलाई निर्णय प्रक्रियामा आवद्ध गर्न उपयोग गरिने संयन्त्र हो । यसले सहभागितामूलक पद्धति तय गर्न र प्रक्रियालाई पारदर्शी बनाउन मदत गर्छ । ती नीतिहरूले विकास प्रक्रियालाई सहयोग गर्ने निम्न वमोजिमका विशेष प्रकारका (Specified) साधनहरू उपलब्ध गराउँछन् ।

३.८.१ वातावरणीय मूल्याङ्कन EA (का.नी. ४.०१)
वातावरणीय मूल्याङ्कनका उद्देश्य निम्न वमोजिम छन् :

१) बैंकले लगानी गर्नका लागि प्रस्ताव भएको योजना वातावरण र सामाजिक दृष्टिकोणले ठीक छ र योजना दिगो छ भनेर सुनिश्चित गर्ने ।
२) निर्णयकर्ताहरूलाई योजनामा पर्न सक्ने वातावरणीय तथा सामाजिक विषयको जोखिम बारे जानकारी दिने ।
३) निर्णय प्रक्रियामा निर्णयकर्ताहरूको सहभागिता र पारदर्शिता बढाउने ।

बैंकको वातावरण मूल्याङ्कनसम्बन्धी शर्त पूरा गर्नका लागि इ.आइ.ए. (EIA), वातावरणीय परीक्षण, वातावरण व्यवस्थापन योजना लगायतका विभिन्न संयन्त्र प्रयोग

गर्न सुझाव दिइएको छ । योजनाको प्रभाव क्षेत्रभित्र महत्वपूर्ण रूपको प्रतिकूल वातावरणीय जोखिम र असर उत्पन्न गर्ने सम्भावना देखिने विश्व बैंक अन्तर्गतको कुनै पनि योजनामा मुख्य मुख्य (उल्लेखनीय) जोखिम, रोकथामका उपायहरू र वातावरण व्यवस्थापन संरचना वा वातावरण व्यवस्थापन योजना स्पष्ट हुने गरी वातावरणीय विश्लेषण गर्नु पर्दछ ।

कुनै योजनामा कति हदसम्म र कुन किसिमको वातावरणीय मूल्याङ्कन आवश्यक पर्छ भनेर यकिन गर्न प्रस्तावित प्रत्येक योजनाको वातावरणीय छानवीन बैंकले गराउँछ । यस सन्दर्भमा बैंकले योजनाको किसिम (योजना वा योजनाभित्रको कुनै खण्डले वातावरणीय जोखिम साथै ल्याउने), योजना निर्माण हुने स्थान (वातावरण, सामाजिक र सांस्कृतिक महत्वका स्थानबाट योजना कति टाढा छ), संवेदनशीलता (मुख्य मुख्य असरहरू पछि फर्काउन नसकिने (Inreversible) र परिवर्तनका लागि वातावरणीय रूपले संवेदनशील भएको र Scale मा पनि (वातावरण र सामाजिक समस्याको हद) र योजनाबाट उत्पन्न हुन सक्ने प्रतिकूल असरको प्रकृति र परिमाणलाई आधार मानेर निम्न लिखित ४ वर्गमध्ये कुनै एक वर्गमा योजनालाई वर्गीकरण गर्दछ :

- वर्ग (क) संवेदनशील, विभिन्न प्रकारको, (फरक फरक किसिमको) वा अनपेक्षित (पूर्वानुमान नगरिएको) ज्यादै महत्वपूर्ण प्रतिकूल वातावरणीय असर उत्पन्न गर्ने योजना यस वर्गमा पर्छन् । यस किसिमका प्रतिकूल असरहरूले योजनासँग सम्बन्धित भौतिक संरचना र कार्यस्थल मात्र नभएर ज्यादै फराकिलो क्षेत्रलाई प्रभावित गर्दछन् । यो यस्तो अवस्था हो जसमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्तरको अध्ययन आवश्यक पर्दछ ।

- वर्ग (ख) वातावरणका मुख्य मुख्य प्रतिकूल असरहरू माथि वर्ग (क) मा उल्लेख भएका प्रतिकूल असरभन्दा कम भएको स्थिति : यस्ता असरहरू कार्यस्थलसम्ममात्र सीमित हुन्छन् ती मध्ये केही वा सबै नै Irreversivle (फर्काउन नसकिने) हुन्छन् : र धेरैजसोमा सजिलैसँग रोकथामका उपाय लगाउन सकिने : यस अवस्थामा आइ.इ.इ. (I.E.E.) स्तरको अध्ययन आवश्यक पर्दछ ।
- वर्ग (ग) यस अवस्थामा प्रतिकूल वातावरणीय असर बिलकुलै नपर्ने वा नगण्य मात्रामा पर्ने हुन्छ; यस अवस्थामा वातावरणीय छानवीन वाहेक अरू किसिमका वातावरणीय मूल्याङ्कनसम्बन्धी अध्ययन आवश्यक पर्दैनन् ।

- वर्ग (घ) यदि बैंकको लगानी कुनै मध्यस्थ वित्तीय संस्था मार्फत हुने भएमा, र ती योजनाहरूमा प्रतिकूल वातावरणीय असर पैदा हुने भएमा यो स्थिति आउँछ । यस्तो अवस्थामा सबै योजनाका लागि उपयुक्त किसिमको वातावरणीय पुनरावलोकनको पद्धति अपनाउनु पर्छ ।

३.८.२ जीवजन्तुको प्राकृतिक बासस्थान (Habitat) (का नीति ४.०४)

जीवजन्तुको प्राकृतिक वासस्थान भनेको जमिन र जलको त्यो क्षेत्र हो जहा मौलिक (Native) वनस्पति र जनावरका विभिन्न प्रजातिहरू रहन्छन् । जीवजन्तुको प्राकृतिक वासस्थान अन्तर्गत विभिन्न प्रकार भूमि, ताजा/स्वच्छ पानी, तटीय र समुद्री पर्यावरण प्रणालीहरू पर्दछन् । त्यसभित्र मानव क्रियाकलापाद्वारा अलि अलि (Lightly) फेरबदल (Modified) भएका क्षेत्रहरू पनि पर्दछन् तर त्यस्ता क्षेत्रमा पर्यावरण र मौलिक/स्थानीय प्रजातिको अवस्था साविक वमोजिम नै रहेको हुन्छ (परिवर्तन भएको हुँदैन)

यदि कुनै योजना (वा क्षेत्रगत लगानी वा मध्यवर्ती वित्तीय संस्थाको लगानीबाट संचालित उपयोजना समेत) ले प्रत्यक्ष (निर्माण कामबाट) वा अप्रत्यक्ष (योजनाबाट उत्पन्न मानवीय क्रियाकलापद्धारा) रूपमा जीवजन्तुको प्राकृतिक बासस्थानलाई उल्लेखनीय रूपले परिर्वतन गर्ने वा त्यसमा ह्रास उत्पन्न गर्ने स्थिति भएमा जीवजन्तुको प्राकृतिक बासस्थानसम्बन्धी नीति आकर्षित हुन्छ ।

यस कार्यान्वयन नीतिको मुख्य उद्देश्य (१) जीवजन्तुको प्राकृतिक वासस्थान र तिनमा विद्यमान जैविक विविधताको सुरक्षा गर्नु (Safeguard) (२) जीवजन्तुको प्राकृतिक बासस्थानले मानव समुदायलाई दिएको सेवा (फाइदा) को निरन्तरता सुनिश्चित गर्नु (३) ज्यादै संवेदनशील जीवजन्तुको प्राकृतिक बासस्थानमा परिवर्तन ल्याउने योजनामा बैंकले लगानी गर्दैन (४) यदि कुनै जीवजन्तुको प्राकृतिक बासस्थानमा परिवर्तन वा त्यसमा ह्रास आउने भए पनि योजनाको लक्षित उद्देश्य हासिल गर्न योजना चलाउनु नै पर्ने र त्यस्तो Habitat, संवेदनशील (Critical) नभएमा त्यस्तो अवस्थामा योजनामा रोकथामका उपायहरू समावेश गर्नुपर्छ । यस्तो उपायमा त्यसै किसिमको अर्को पर्यावरणीय क्षेत्र स्थापना गर्ने वा क्षतिपूर्ति स्वरूप मौजुदा क्षेत्रलाई सुदृढीकरण ( Strengthen) गर्ने प्रावधानहरू पर्दछन् ।

३.८.३ वनसम्बन्धी कार्यनीति (Foresty) (का.नी. ४.१२) ।

वन क्षेत्रका क्रियाकलाप वा बैंकबाट लगानी भएका योजनाबाट वन क्षेत्रमा महत्वपूर्ण असर पर्ने भएमा यो नीति आकर्षित (Triggered) हुन्छ । बैंकले व्यापारिक उद्देश्यबाट गरिने गोलिया काठको कारोबार (Logging) मा लगानी गर्दैन । यसको सट्टा बैंकले वनविनाश घटाउने, वातावरणमा वनक्षेत्रको योगदान बढाउने, वृक्षारोपण बढाउने कार्यलाई प्रोत्साहित गर्ने, गरिबी घटाउने र आर्थिक विकासलाई बढावा दिने उद्देश्यले गरिने काममा लगानी गर्छ । कार्यान्वयन नीतिका उद्देश्यहरू यी हुन् : (१) दिगो र भरपर्दो हिसाबले वन व्यवस्थापन गर्नु (२) वन क्षेत्रका महत्वपूर्ण स्थान (Significant Area) मा अतिक्रमण हुन नदिनु र (३) दिगो हिसाबले वन क्षेत्रको उपयोग गर्ने समुदायको परम्परागत अधिकारमा कुनै कमी आउन नदिनु ।

३.८.४ अनिच्छित पुनर्वास (का नी.४.१२)

विश्व बैंकको नीति पुनर्वासमा लागु हुने सामाजिक सुरक्षा नीतिमध्ये प्रमुख नीति हो । अनिच्छित पुनर्वासको सम्बन्धमा यस नीतिले निर्धारण गरेका मुख्य उद्देश्यहरू निम्न

वमोजिम छन् : (१) संभव भएसम्म अनिच्छित पुनर्वासलाई टार्ने (Avoid) वा न्यूनतम गर्ने (२) योजना तर्जुमाका सबै संभाव्य विकल्पहरू खोज्ने (३) अनिच्छित पुनर्वास गर्दा अधिग्रहण गरेको (जग्गाको) मुआब्जा वितरण गर्दा पारदर्शी प्रक्रिया अपनाउने (४) यसबाट प्रभावित भै विस्थापित भएका व्यक्तिहरूलाई उनीहरूले आफ्नो जीविकोपार्जनको स्तर, आयआर्जनको क्षमता र उत्पादनको परिमाण बढाउन वा कम्तीमा तिनलाई साविककै अवस्थामा राख्नका लागि गरेको प्रयासलाई पुनर्वास कार्ययोजनाद्वारा सहयोग गर्ने (५) पुनर्वास योजनाको तर्जुमा र कार्यान्वयन मा समुदायको सहभागिता गराउन प्रोत्साहित गर्ने (६) प्रभावित व्यक्तिहरूलाई उनीहरूले कमाइ रहेको जग्गाको स्वामित्वको कानूनी स्थिति जेजस्तो भए पनि सहयोग गर्ने नीतिले अनिच्छित पुनर्वास हुँदा पुनर्वासका कारणबाट अर्को ठाउँमा भौतिक संरचना निर्माण गर्दा लाग्ने खर्च मात्र होइन, यसरी बसाई सर्नु पर्दा गुम्ने सम्पत्ति, वासस्थान, सम्पत्ति र सम्पत्तिमा हुने पहुँच, आयस्रोत, जीविकोपार्जनमा पुग्ने नोक्सानी समेत, प्रभावित व्यक्ति अन्यत्र बसाई सर्नु परे पनि नपरे पनि त्यो खर्च व्यहोर्नु पर्छ । यो नीति आकर्षित हुने स्थिति देखापरेमा पुनर्वास कार्य योजना तयार गर्नुपर्छ । योजनाले २०० व्यक्तिभन्दा कमलाई प्रभाव पार्ने भएमा विस्तृत कार्य योजना आवश्यक पर्दैन, यस्तो अवस्थामा छोटकारी कार्य योजना तयार गरे हुन्छ । योजना तयारीको अवस्थामा सबै किसिमका Precise असरहरूको आँकलन (Assess) गर्न नसक्ने स्थिति भएमा पुनर्वास नीतिको (RPF) प्रारूप बनाउने प्रावधान राखिएको छ । पुनर्वास कार्य योजना (RAP) पुनर्वास योजना प्रारूप (RPF) ले कार्यनीति ४.१२ मा उल्लेख भएका बैंकका नीतिगत प्रावधानहरू र त्यसमध्ये पनि प्रभावित सम्पत्तिलाई सट्टा भर्ना गर्न सक्ने हिसाबले मुआब्जा रकम दिनु पर्ने विषयलाई सुनिश्चित गर्नु पर्छ ।

सामरिक सडक संजाल (SRN) अन्तर्गतका कार्यक्रमका सन्दर्भमा नीतिमा उल्लेख भएका निम्न विषयहरू बढी मात्रामा सम्बन्धित देखिन्छन् :

विस्थापनको काम पुनर्वास कार्य योजनाका आवश्यक उपायहरू (Measures) तयार भै लागु भए पछि मात्र शुरू गरिन्छ भनेर सुनिश्चित गर्नका लागि पुनर्वास क्रियाकलापको कार्यान्वयनलाई लगानी खण्ड (Investment Component) को कार्यान्वयनसँग आवद्ध गरिएको छ । उक्त उपाय (Measure) अन्तर्गत विस्थापन हुनुभन्दा पहिले मुआब्जा र पुनर्वासका लागि अरू किसिमको सहयोग दिने, पुनर्वास गरिने ठाउँमा पर्याप्त सुविधाको प्रावधान र त्यसको व्यवस्था (यदि आवश्यक भएमा) को लागि आवश्यक पर्ने क्षतिपूर्ति र अन्य सहयोगहरू पर्दछन् । जग्गा र सम्पत्ति अधिग्रहण गर्नेकाम मुआब्जा रकम भुक्तानी गरेपछि मात्र गर्नु पर्छ र आवश्यक परेको खण्डमा विस्थापित व्यक्तिलाई पुनर्वास गर्ने ठाउँ र साविक ठाउँबाट त्यहाँसम्म जानका लागि आवश्यक खर्च समेत उपलब्ध गराउनु पर्छ । यी उपायहरू (Measures) योजनाको एउटा भागका रूपमा निर्धारण गरेको कार्यान्वयन योजना अनुसार नै प्रयोग गर्नु पर्छ ।

विस्थापित व्यक्तिको जीविकोपार्जन जग्गाबाट भैरहेको भए त्यस्ता व्यक्तिलाई जग्गा नै उपलब्ध गराई पुनर्वास गराउन प्राथमिकता दिनु पर्छ । यस्तो अवस्थामा उपलब्ध गराइएको जग्गा साविक जग्गाको तुलनामा बढी फाइदा दिनसक्ने र सो नभएमा कम्तीमा पनि अधिग्रहण गरिएको जग्गा बराबर फाइदा दिने हुनु पर्छ । विस्थापित व्यक्तिले जग्गा लिने चाहना नगरेमा वा समान प्रकृतिको जग्गा उपलब्ध हुन नसकेमा गुमेको जग्गा र अरू सम्पत्तिको लागि नगद भुक्तानी गरी गैरजग्गा/वा गैर कृषि/गैर खेतीमा आधारित वरपर उपलब्ध हुन सक्ने रोजगारी/जीविकोपार्जनको व्यवस्था गरी दिनु पर्दछ । विस्थापित व्यक्तिलाई नगदमा दिइएको क्षतिपूर्ति स्थानीय बजारमा प्रचलित मूल्यका आधारमा गुमाएको जग्गा र अन्य सम्पत्ति पूर्ण रूपले भर्ना गर्नका लागि पुग्ने हुनुपर्छ ।

विस्थापित व्यक्तिहरू र उनीहरूको समुदायका साथै उनीहरूलाई राख्ने समुदाय (Host Community) लाई समयमा नै यस सम्बन्धी (Relevant) सूचना दिने, पुनर्वासका विभिन्न विकल्पहरू बारे उनीहरूसँग सल्लाह गर्ने र उनीहरूलाई पुनर्वास योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने काममा सहभागी हुने अवसर दिनुपर्छ । यस्ता वर्गको गुनासो सुन्ने र उनीहरूले सजिलैसँग आफ्नो गुनासो पोख्न सक्ने उपयुक्त किसिमको संयन्त्र पनि बनाउनु पर्छ ।

विस्थापित व्यक्तिहरू र आतिथेय (Host) समुदायलाई आवश्यक सेवा दिने र उनीहरूले पाउने सेवास्तर सुधार्ने, पुनस्थापना गर्ने (Resotre) वा त्यस्ता सेवामा उनीहरूको पहुँच बढाउन वा कायम राख्नका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको निर्माण र सार्वजनिक सेवाको व्यवस्था गनुपर्छ । समुदायले प्रयोग गर्ने स्रोतमा कुनै हानी नोक्सानी (वा पहुँच अवरूद्ध) भएमा उनीहरूलाई बैकल्पिक वा त्यसै किसिमको अर्को स्रोत क्षतिपूर्ति स्वरूप उपलब्ध गराउनुपर्छ ।

विस्थापित मध्ये (जग्गाको तथ्याङ्क लिनका लागि गरिएको) जग्गाको नापी हुँदा (हाल बसोबास वा खेती गरेको) जग्गामा आफ्नो कानूनी अधिकार स्थापित भएको व्यक्ति र अधिकार स्थापित नभएका तर पुनर्वास कार्य योजनाको मापदण्ड अनुरूप उक्त जग्गा वा सम्पत्तिमा उनीहरूको दावी मान्य हुने दुवै किसिमका विस्थापित व्यक्तिहरूलाई उनीहरूले गुमाएको जग्गाको मुआब्जाका साथै अन्य किसिमको सहयोग पनि दिइन्छ । आफूले कब्जा (Occupy) गरेको जग्गामा कानूनी अधिकार नभएका विस्थापित व्यक्तिहरू यदि उनीहरू योजनाले निर्धारण गरेको मितिभित्र योजनास्थलमा बसोबास गर्दै आएका भए त्यस्ता विस्थापितहरूलाई जग्गा गुमाएको हिसाबमा मुआब्जा दिने र आवश्यक पर्ने अन्य किसिमका सहयोग पनि दिइन्छ । निर्धारित मिति (Cut off date) भन्दा पछि आएर बसोबास गर्ने अतिक्रमणकारी (Encroacher) लाई भने कुनै किसिमको मुआब्जा वा पुनर्वास सहयोग दिइदैन ।

३.८.५ सांस्कृतिक सम्पत्ति (का.नी. ११.०३)।

पुरातात्विक, प्यालेन्टोलोजिकल (Palantological), ऐतिहासिक, वास्तुकलात्मक (Architectural), धार्मिक, सौन्दर्यमय वा अरू किसिमका सांस्कृतिक महत्व झल्काउने चल वा अचल (Movable or immovable) वस्तुहरू, स्थल, भौतिक संरचना, भौतिक संरचनाको समूह (Group of Structures), प्राकृतिक वनोट र Landscape लाई भौतिक रूपका सांस्कृतिक स्रोत भनेर परिभाषित गरिएको छ । यस किसिमका सांस्कृतिक स्रोतहरू सहरी वा ग्रामीण प्रणाली (Setting) भित्र अवस्थित हुन सक्छन् र जमिनमाथि जमिनमुनि वा पानीमुनि पनि बनेका हुनसक्छन् । बैंकले सहयोग गर्ने कुनै विकास योजनाका कारण यस्ता स्रोतहरूमा पर्ने प्रतिकूल असर रोक्ने/पन्छाउने (Avoid) वा त्यसो गर्न नसकेमा रोकथाम गर्ने मन्साय राख्दछ । यो नीति वातावरण मूल्याङ्कन ( EA) आवश्यक पर्ने सबै योजनाहरूमा आकर्षित हुन्छ ।

यस कार्य नीतिको उद्देश्य (१) विश्व बैंकले सहयोग गरेको योजनाहरूमा भौतिक रूपका सांस्कृतिक स्रोतहरू पहिचान गरी (Identified) तिनको संरक्षण सुनिश्चित गर्नु (२) भौतिकरूपका सांस्कृतिक स्रोत संरक्षण गर्ने विषयका कानूनी प्रावधानहरूको परिपालना सुनिश्चित गर्नु (३) यसमा पुरातात्विक तथा ऐतिहासिक स्थलहरू, ऐतिहासिक सहरी क्षेत्र, पवित्र स्थल (Sected Site), मसानघाट र (Burial) कब्रिस्तानहरू पर्दछन् ।

३.८.६ आदिवासी जनजाति (Indigenous People) (का.नी. ४.३०)।

आदिवासी जनजातिसम्बन्धी नीतिका मुख्य उद्देश्यहरू : (१) विश्व बैंकको सहयोगमा संचालन हुने आयोजनाको डिजाइन तथा कार्यन्वयनमा योजनाबाट प्रभावित आदिवासी जनजातिको भनाई सुनिने विषयलाई सुनिश्चित गर्ने (२) विकास प्रकियामा आदिवासी जनजातिको मर्यादा (Dignity) र अलगगै सांस्कृतिक पहिचान भएकोले उनीहरूलाई उचित सम्मान दिने विषयलाई सुनिश्चित गर्ने (३) आदिवासी जनजातिमा कुनै प्रतिकूल असर पर्दैन (४) कार्यान्वयन पूर्वको छलफल र सूचना आदानप्रदानबाट लाभ हुने (५) आदिवासी जनजातिलाई दिन खोजिएको लाभ उनीहरूको संस्कृति सुहाउँदो भएको सुनिश्चित गर्ने । यस सिलसिलामा आदिवासी जनजाति विकास योजना/जोखिमयुक्त समूह विकास योजना तयार गरिएको छ जसबाट आदिवासी जनजातिमा कुनै किसिमको प्रतिकूल असर पर्छ कि भनेर पत्ता लगाउने र यदि त्यस्तो असर पर्ने भए त्यसको रोकथाम गर्ने व्यवस्था गरिन्छ । साथै यसबाट योजना तयारी देखि कार्यान्वयनसम्मका चरणमा उनीहरूसँगको छलफल सुनिश्चित गर्ने उपायहरू पनि तय गरिन्छन् ।

३.८.७ वातावरण मूल्याङ्कन स्रोत पुस्तिका ।

विश्व बैंकको वातावरण मूल्याङ्कन स्रोत पुस्तिका वातावरण मूल्याङ्कन प्रकियालाई सहज बनाउनका लागि तयार गरिएको दस्तावेज हो । यो स्रोत पुस्तिका एउटा सहयोगी (सन्दर्भ) कार्यविधि हो (Reference Manual) जसमा वातावरण मूल्याङ्कन बारे विश्व बैंकको कार्यनिर्देशिका (OD 4.00) मा उल्लेख भए अनुरूप वातावरण मूल्याङ्कन

प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक पर्ने विवरणहरू समावेश भएका छन् । उक्त स्रोत पुस्तिकामा जम्मा ३ भाग छन् । जसमध्ये पहिलो दुई भाग सामरिक सडक संजाल ( SRN) सँग सम्बन्धित छन् :

भाग १ : नीति, प्रक्रिया र अन्तरक्षेत्रीय विषयहरू
भाग २ : क्षेत्रगत निर्देशिका
भाग ३ : ऊर्जा तथा उद्योग क्षेत्रको वातावरण मूल्याङ्कन गर्ने निर्देशिका

वातावरण मूल्याङ्कन स्रोत पुस्तिकाको दोश्रो भागको नवौं अध्यायमा राजमार्ग तथा सडक निर्माणबाट वातावरणमा पर्ने मुख्य मुख्य असरहरूको सूची दिएको छ । उक्त अध्यायमा राजमार्ग तथा सडक निर्माणका योजनाबाट उत्पन्न हुने २४ वटा प्रत्यक्ष र ६ वटा अप्रत्यक्ष तथा महत्वपूर्ण नकारात्मक असरहरूको सूची र नकारात्मक असर रोकथामका उपायहरू पनि दिइएका छन् ।

३.८.८ सडक तथा वातावरण : एक पुस्तिका (Handbook) ।
यो पुस्तिका (Handbook) सडकको योजना तर्जुमा तथा व्यवस्थापनमा वातावरण संरक्षणका विषयलाई आवद्ध गर्ने उद्देश्यले विश्व बैंकले १९९४ मा प्रकाशित गरेको हो । यस पुस्तिका (Handbook) मा सडकको योजना तर्जुमा, निर्माण र मर्मत संभारसम्मका चरणमा आवश्यक पर्ने वातावरण संरक्षणका प्रभावकारी उपायहरू डिजाइन गर्ने र कार्यान्वयन गर्ने व्यवहारिक पद्धति (Method) विस्तारमा उल्लेख भएको छ । यसमा उल्लेख भएका प्रविधिहरू साना आयोजनाहरू संचालन (Clear) गर्दा ध्यान दिनु पर्ने वातावरणको पक्षलाई गहिराइसम्म गएर अध्ययन गर्न अथवा सामान्य कार्य योजना बनाउन प्रयोग गर्न सकिन्छन् । यसमा सडक योजनाले उत्पन्न गर्ने नकरात्मक असर रोकथाम गर्ने लगायत वातावरण मूल्याङ्कनसँग सम्बन्धित (Involve) हुने मुख्यमुख्य क्रियाकलापहरू एक एक गरेर विस्तारमा छलफल गरिएका छन् । यसको प्रत्येक खण्ड (Component) मा समावेश गरिएको असरको सूचीले विश्व बैंकको वातावरण मूल्याङ्कन स्रोत पुस्तिकामा उल्लेख भएका विषयभन्दा अझै बढी विषयहरू समेटेको छ ।

३.९ ए.डि.वि. र अन्य दातृनिकायका नीतिहरू ।

३.९.१ ए.डि.वि.को पुनर्वास नीति ।
प्रस्तावित योजना अन्तर्गतको जग्गा अधिग्रहण, मुआब्जा वितरण र पुनर्वासको काम Handbook on Resettlement : राम्रा अभ्यासको निर्देशिका नाम भएको ए.डि.वि.को निर्देशिका (१९९८) को प्रावधान अनुरूप हुनुपर्छ । ए.डि.वि.को मुख्य उद्देश्य र मुख्य सिद्धान्तहरू निम्न वमोजिम छन् :

- संभव भएसम्म अनिच्छित पुनर्वास हटाउनु/रोक्नु (Avoid) पर्छ ।

- प्रभावित व्यक्तिहरूको विस्थापन टार्न/रोक्नु (Avoid) नसकिने भएमा, योजनाका विभिन्न संभाव्य विकल्पहरूको अध्ययन गरी यसलाई न्यूनतम गराउनु पर्छ ।
- विस्थापन टार्न नसकिने अवस्थाको विस्थापन गर्दा विस्थापित व्यक्तिलाई मुआब्जा र अन्य सहयोग यस हिसाबले गर्नु पर्छ कि उनीहरूको भावी सामाजिक तथा आर्थिक अवस्था योजना नभएको अवस्थाभन्दा सामान्यत : राम्रो हुनुपर्छ ।
- प्रभावित व्यक्तिहरूलाई सबै सूचनाहरू दिनुपर्छ र पुनर्वास तथा मुआब्जा वितरणका विभिन्न विकल्प बारे उनीहरूसँग छलफल गर्नुपर्छ ।
- विस्थापित हुने व्यक्तिहरू र उनीहरूलाइ आश्रय दिने व्यक्तिहरूको पनि विद्यमान साँस्कृतिक संस्थाहरूको संरक्षण गर्नु पर्छ र सकेसम्म बढी मात्रामा उपयोग गर्नुपर्छ र पुनर्वास गराइएका व्यक्तिहरूलाई आश्रयदाता समुदायको आर्थिक तथा सामाजिक अवस्थामा संमिश्रण (Integrated) गर्नु पर्छ ।
- कुनै प्रभावित व्यक्तिसँग जग्गाको कानूनी हक नभए पनि उसलाई यसको मात्र आधारमा मुआब्जा पाउनबाट वञ्चित गर्नु हुँदैन; यस सन्दर्भमा महिला र आदिवासी जनजाति, जातीय (Ethenic) अल्पसंख्यक जस्ता जोखिमयुक्त वर्गका घरमूली भएको परिवारलाई विशेष ध्यान दिनुपर्छ र उनीहरूलाई आफ्नो अवस्था सुधार गर्नका लागि उपयुक्त किसिमले सहयोग गर्नुपर्छ ।
- संभव भएसम्म अनिच्छित पुनर्वासको कार्यलाई योजनाको एउटा अङ्गका रूपमा लिएर (Conceived) कार्यान्वयन गर्नुपर्छ ।
- योजनाको लागत तथा लाभसम्बन्धी विवरणमा मुआब्जा तथा पुनर्वासका लागि लाग्ने पूरा खर्च पनि समावेश गर्नुपर्छ ।
- योजनाका लागि बैंकले लगानी गर्ने ऋण रकममा पुनर्वास तथा मुआब्जाका लागि लाग्ने खर्च पनि समावेश गर्ने तर्फ विचार गर्नुपर्छ ।

३.९.२ आदिवासी जनजाति सम्बन्धी ए.डि.वि.को नीति ।

यो नीति विकासशील सदस्य राष्ट्र र तिनमा बसोबास गर्ने आदिवासी जनजातिका समुदायहरूसँग छलफल गरी १९९८ मा तयार पारिएको हो । यो नीति ए.डि.वि.को सहयोगद्वारा संचालित योजना तथा कार्यक्रमबाट आदिबासी जनजातिले लाभ लिन सकून् भन्ने उद्देश्यले २००४ मा ए.डि.वि.को कार्यविधि निर्देशिका (Manual) मा समावेश गरिएको छ । यस नीतिले कार्यक्रम र आदिवासीका सम्बन्धमा सुनिश्चित गर्छ कि :

- यो उनीहरूको अपेक्षा मिल्दोजुल्दो छ,
- उनीहरूको संस्कृति तथा आर्थिक तथा सामाजिक संस्थासँग विषय र संरचनाका हिसाबले मेलखाने किसिमको छ,
- उनीहरूलाई जानकारी गराएर उनीहरूकै सहभागिताबाट पहिचान भएको, योजना तर्जुमा भएको र कार्यान्वयन भएको छ,
- विकास प्रयास र असरका हिसाबले न्यायसंगत छ र

- उपयुक्त र मान्य परिमाणको क्षतिपूर्ति नदिइकन विकासको नकारात्मक असर जवर्जस्ती लाद्ने काम यसले गर्दैन ।

३.९.३ ए.डि.वि.को वातावरण नीति ।

यो नीति ए.डि.वि. को गरिबी न्यूनीकरण रणनीतिसँग जोडिएको छ जसले गरिबमुखी आर्थिक विकास र गरिबी न्यूनीकरणको प्रयासका लागि वातावरणीय दिगोपन पूर्वशर्त (Prerequisite) का रूपमा हुनु पर्छ भन्ने मान्यता राख्दछ । यस नीतिले निम्न लिखित पाँच चुनौतीहरूलाई संवोधन गर्दछ :

- गरिबी न्यूनीकरणका लागि वातावरणसम्बन्धी कार्यक्रम संचालन आवश्यक पर्ने,
- आर्थिक बृद्धि र विकास योजनाको डिजाइनमा वातावरणीय विषयलाई मूलधारमा (मूल विषयका रूपमा) राख्नु पर्ने (समावेश गर्नुपर्ने),
- क्षेत्रीय र अन्तरराष्ट्रिय जीवन सपोर्ट प्रणाली (Life Suppport System) वहाल ( Maintain) राख्नुपर्ने,
- अन्य निकाय/व्यक्तिसँग साझेदारीमा काम गर्नु पर्ने, र
- ए.डि.वि.को आफ्नै कार्यान्वयनमा वातावरणीय विषयलाई सम्वोधन गर्ने प्रक्रिया र कार्यविधिलाई अझै सशक्त बनाउनु पर्ने ।

यो नीति ए.डि.वि.को वातावरण मूल्याङ्कन निर्देशिका (२००३) द्वारा समर्थन भएको छ । निर्देशिकाले ए.डि.वि. योजनाहरू कार्यान्वयन गर्दा वातावरणका विषयमा ए.डि.वि.को वातावरण नीति र कार्यान्वयन कार्यविधिमा उल्लेख भएका शर्तहरू के कस्तो हिसाबले पूरा गर्ने भनेर उल्लेख भएको छ । सबै किसिमका योजनाका लागि वातावरणीय मूल्याङ्कन गर्ने र त्यसको प्रतिवेदन प्रस्तुत गर्ने (Reporting) गर्ने ए.डि.वि.को नीति र प्रक्रियाको विवरण पनि त्यसमा दिइएको छ । सहयोग लिने मुलुकको राष्ट्रिय (Country) वातावरणीय विश्लेषण र रणनीतिक (Strategic) वातावरणीय मूल्याङ्कन जस्ता रणनीतिक माध्यम/साधन (Tools) पनि यसमा समावेश भएका छन् । निर्देशिकाको मुख्य विषयहरूको सूची निम्न वमोजिम छ :

- राष्ट्रिय/कन्ट्री (Country) वातावरणीय विश्लेषण
- वातावरणीय वर्गीकरण तथा वातावरणको द्रुत मूल्याङ्कन गर्ने चेक लिष्ट (रूजु गर्ने सूची)
- योजनाका लागि गरिने लगानीका लागि वातावरणीय मूल्याङ्कन
- कार्यक्रमका लागि गरिने लगानीका लागि वातावरणीय मूल्याङ्कन
- क्षेत्रगत लगानीका लागि वातावरणीय मूल्याङ्कन
- वातावरण मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्ने फाराम (Format)
- वातावरण व्यवस्थापन योजना
- सार्वजनिक छलफल तथा सूचना प्रवाह (Disclosure)

३.९.४ पूर्व निर्धारित सडकसीमा सम्बन्धमा विद्यमान समस्याको समाधान ।
ए.डि.वि.ले हालैमा "विकास योजनामा पुनर्वासका लागि मुआब्जा वितरणको प्राविधिक निर्देशिका" नामक दस्तावेज निर्माण गरी त्यसको मस्यौदालाई प्रस्तावको रूपमा राष्ट्रिय योजना आयोग (रा.यो.आ.) मा पेश गरेको छ । यस प्रस्ताव अनुसार नेपाल सरकारले ग्रामीण सडक विकाससम्बन्धी योजनाका लागि सडकको केन्द्ररेखाबाट दुवैतर्फ सडक सीमाका लागि १५/१५ मिटर जग्गा अधिग्रहण गर्ने नीति अपनाउनु पर्छ । हालसम्म ग्रामीण सडक निर्माण गर्दा सडक निर्माण र स्तरोन्नति कार्य गर्न पुग्ने मात्र जग्गा अधिग्रहण गर्ने परम्परा रहेको छ । यसरी अधिग्रहण गरेको जग्गा सामान्य हिसाबले सडकको चौडाइ (Formation) (धेरैजस्तो ४.५ मि. र अन्य सम्बन्धित नाली जस्ता अतिरिक्त संरचना निर्माण गर्न ०.५ मि. देखि १ मि. सम्म) भित्रको संरचनालाई मात्र पर्याप्त हुन्छ । पुनर्वास, सामाजिक दवाव (Tension), खेती योग्य जमिनको विनाशलाई बचाउन र त्यसमा पनि मुख्य ध्यान दिनु पर्ने विषय योजनाको लागत सकेसम्म न्यूनतम गर्नका लागि योजनाकारहरूले थप जग्गा अधिग्रहण गर्ने काम रोक्नु पर्छ (Avoid) ।

सडक सीमाको निमित्त ३० मि. चौडा क्षेत्र (Corridor) को जग्गा अधिग्रहण गर्ने यस प्रस्तावलाई राष्ट्रिय नीतिका रूपमा स्वीकृत गर्ने हो भने यसबाट उत्पन्न हुने धेरै समस्याहरू सुल्झाउनु पर्ने हुन्छ । यो वातावरण तथा सामाजिक व्यवस्थापन संरचना तयार गर्दा पनि ए.डि.वि.ले राष्ट्रिय योजना आयोगलाई दिएको प्रस्तावलाई नेपाल सरकारले भविष्यमा आफ्नो नीतिको रूपमा कसरी लागु गर्छ भन्ने विषय स्पष्ट भैसकेको थिएन । ग्रामीण सडकका योजनाहरूमा सरकारले सडकको फर्मेसन (Formation) लाई आवश्यक पर्ने भन्दा थप कति जग्गा सडक सीमाका लागि अधिग्रहण गर्नुपर्ने हो त्यस विषयको द्विविधा हटाउनका लागि यो प्रस्तावित दस्तावेज संशोधन गर्नु आवश्यक छ[५] । उदाहरणका लागि सडक विभागले हालैमा आर.एम.डि.पि. योजना अन्नर्गतको जुम्ला-कालिकोट सडकको ३४ कि.मि. खण्डको सडक सीमा (Row) का लागि ३० मि. चौडाइको (Corridor) अधिग्रहण गरेको छ । हालसम्म पश्चिमी क्षेत्रमा सडकका लागि यसरी जग्गा अधिग्रहण (Purchase) गरेको उदाहरण थिएन ।

निकटवर्ती क्षेत्रमा सडक सीमाका लागि ३० मि. सम्म चौडाइको क्षेत्र (Corridor) अधिग्रहण गरेको उदाहरणले यस्तै अन्य सडक (नग्मा-गमगढी खण्डको नयाँ प्रस्ताव भएको सडक) का सन्दर्भमा योजनाकार र प्रभावित जनसंख्या (Populatin) दुवैलाई ठूलो द्विविधा पारेको छ । स्पष्ट गर्नुपर्ने अर्को समस्या भनेको यस कोरिडोरका जग्गाधनीहरूलाई उनीहरूको सम्पत्ति कसरी अर्को ठाउँमा सार्ने/वा उक्त क्षेत्र (Corridor) मा रहेको सम्पत्तिलाई सडक निर्माण पछि कसरी प्रयोग गर्न दिने भन्ने हो । ग्रामीण क्षेत्रमा सडकका लागि ३० मि. सडक सीमा कायम गर्नाले ग्रामीण

[५] हालको व्यवस्था अनुसार सडक विभागले राष्ट्रिय सडक (लोकमार्ग) र सहायक मार्गको सडकसीमा निर्धारण गर्दछ भने स्थानीयस्तरका सडकहरूको सडकसीमा निर्धारण गर्ने अधिकार स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले पाएको छ ।

क्षेत्रमा वहुसंख्यक मानिस सडक र गोरेटो छेउछाउ (Track) मा नै बस्ने हुँदा तिनलाई पुनर्वास गराउँदा उत्पन्न हुने समस्याको अतिरिक्त सडक निर्माण कामको लागत उल्लेखनीय रूपले बढन जान्छ र त्यसैले यस्तो प्रस्ताव विशेष रूपले छानवीन गर्नु पर्छ । अर्को अर्थमा यस्तो स्थितिमा ग्रामीण सडकको निर्माण वा स्तरोन्नति गर्नु भनेको नेपाल सरकारले ठूलो आर्थिक र सामाजिक समस्या निम्त्याउनु हो । स्थानीय समुदायले सडकसँग जोडिएको आफ्नो परम्परागत जग्गामा खेती, वृक्षारोपण र निर्माण काम भन्दा अरू किसिमका काम र सामाजिक हितका क्रियाकलाप संचालन गर्न चाहन्छन् र यस्तो अवस्थामा जग्गामा उनीहरूको कानूनी अधिकारको विषयलाई लिएर ठूलो समस्या उत्पन्न हुन सक्छ । यो अर्को जटिलता हो ।

ग्रामीण क्षेत्रमा सडक निर्माण गर्दा अनिवार्य रूपमा जग्गा अधिग्रहण गर्नु पर्ने नीतिले निर्दिष्ट गरे अनुसार काम गर्दा आइ पर्ने समस्या समाधान भएर देशभरका राजमार्गहरूमा एउटै नीतिगत मापदण्ड लागु नभएसम्म यो वातावरण तथा सामाजिक व्यवस्थापन संरचना (ESMF) ले व्यवहारिक समाधानको बाटो अबलम्बन गर्छ, त्यो भनेको सडकका लागि जति जग्गा आवश्यक पर्छ त्यत्ति नै सडकसीमाका लागि अधिग्रहण गर्ने र सडकसीमा भनेर तोकिएको अरू जग्गा (सडकसीमा भनेर तोकिएको १५ मि. वा ३० मि.भित्र) भित्र जग्गाधनीले कुनै किसिमको स्थायी संरचना बनाउन नपाउने गरी बन्देज लगाउने नीति बनाउन सिफारिस गर्ने हो । यो काम योजना प्रस्तावक (स.वि./भौ.यो.त.नि.मं.) ले मिलाउनु पर्छ ।

यस्तो नीति बनिसकेपछि पनि सडक सीमा भनेर पूर्व निर्धारित क्षेत्रभित्र परेको जग्गा सडक मर्मत संभार गर्ने सिलसिलामा बेला बेलामा प्रयोग गर्नु पर्ने हुँदा त्यस्तो वेला जग्गामा रूकावट आउने (खेतीपाती गर्न नमिल्ने) भएकोले यस्तो अवस्थामा यसबाट भएको क्षति वापत जग्गाधनी वा अन्य किसिमका दावेदारलाई उचित क्षतिपूर्ति र सुविधा शुल्क (Basement Fee) दिनका लागि नीति र कानूनी व्यवस्था हुनु जरूरी हुन्छ । जग्गाको प्रयोगमा लगाइने बन्देजका कारण आउने दाबीबाट छुटकारा पाउनका लागि यस किसिमको प्रावधान आवश्यक पर्छ । यसका साथै निर्धारित सडक सीमाभित्र सडकको मर्मत संभार र सडक चौडा गर्नु पर्दा भत्काउनु पर्ने कुनै पनि संरचना बनाउन बन्देज लगाउने र यदि त्यसलाई नमानेमा कानून पालना नगरेको दोष लगाई दण्ड सजाय गर्न सकिने प्रावधान भएको कानून पनि बन्नुपर्छ ।

३.९.५ अनिच्छित पुनर्वास सम्बन्धमा अन्य दातृनिकायका नीतिहरू ।

हालका बर्षहरूमा द्विपक्षीय र वहुपक्षीय विभिन्न दातृसमुदायले पनि आ-आफ्नो निकायका लागि पुनर्वास नीति र निर्देशिका तयार गरी लागु गरेका छन् । ती सबै नीति र निर्देशिकाहरू विश्व बैंक र एशियाली विकास बैंक (ADB) का नीति निर्देशिकासँग मिल्दाजुल्दा छन् । अन्तर अमेरिका विकास बैंकले १९९० मा पुनर्वास निर्देशिका लागु गऱ्यो । आर्थिक सहयोग तथा विकास संस्था (OECD) ले १९९१ मा उक्त संघभित्रका मुलुकका दातृनिकायहरूले लागु गर्ने गरी सरल प्रकृतिको (Uniform) पुनर्वास निर्देशिका लागु गरेको छ । ओ.डि.ए. (DFID) ले पनि आफ्नो निर्देशिका लागु

गरेको छ, जुन निर्देशिका पूर्णरूपमा विश्व बैंकको निर्देशिका जस्तै छ । समुद्रपार आर्थिक सहयोग कोष (OECF) जापानले अनिश्चित पुनर्वास बारे विश्व बैंकको निर्देशिकामा आधारित रूजु गर्ने सूची बनाएर स्वीकृत गरेको छ (लागु गरेको छ) । जापान अन्तरराष्ट्रिय सहयोग संस्था (जाइका) ले विश्व बैंकसँग परामर्श गरी पुनर्वासको आफ्नो प्राविधिक निर्देशिका तयार गरेको छ ।